# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ६८ | काठमाडौं | शुक्रबार, १५ असार २०८० | Prabhab National Daily | Friday, June 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**मनाइयो बकर ईद** | घण्टाघरस्थित जामे मस्जिदमा बिहीबार बिहान बकर ईदको अवसरमा प्रार्थना गर्दै इस्लाम धर्मावलम्बी । बकर ईद इस्लाम धर्मावलम्बीको दोस्रो ठूलो पर्व हो । (समाचार पृष्ठ २ मा)

*तस्बिरः प्रदीपराज वन्त/रासस*

# स्थानीय बजेटका रोचक पक्ष

## कतै घर, कतै 'क्यास' उपहार
## कुकुरलाई होस्टल र बाँदरलाई बगैंचा

■ **दीपा सुनुवार**

**काठमाडौं–** स्थानीय तहले यसपटक बजेटमा रोचक कार्यक्रमहरू समावेश गरेका छन् । बजेटमा कतै जनसंख्या बढाउन घर उपहारको अफर गरिएको छ भने कतै 'क्यास'(नगद) को उपहार । केही स्थानीय सरकारले भने कुकुरलाई होस्टल र बाँदरलाई बगैंचा कार्यक्रमसमेत अघि सारेको छ ।

**राक्सिराङमा घर उपहार**

मकवानपुरको राक्सिराङ गाउँपालिकाले गाउँपालिकाभित्र बसाइँ सरी आउनेलाई आगामी वर्षबाट घर उपहार दिने भएको छ । दुर्गम भेगबाट बसाइँ सरेर सुगम भेगतर्फ जाने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले अन्यत्रबाट बसाइँ सरी आउनेलाई घर उपहार दिने योजना गाउँपालिकाले बनाएको हो ।

'अन्यत्रबाट गाउँपालिकाभित्र बसाइँ सरी आउन आकर्षित गर्न 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर उपहार' कार्यक्रम सञ्चालन गरिनेछ,' असार ९ गते शनिबार गाउँसभामा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उक्त कुरा उल्लेख छ । घर कस्तो प्रकारको हुने र कति लागतको हुने भन्ने कुरा गाउँपालिकाले बनाउने कार्यविधिमा निर्भर हुनेछ । (बाँकी पृष्ठ २ मा)

# सरकारबारे ओली र रविको एउटै बोली



कांग्रेससँग मैले प्रस्ताव गरेको छैन, कांग्रेसले पनि मलाई प्रस्ताव गरेको छैन । तपाईं (पत्रकार) मार्फत जानकारी पाइरहेका छौं ।

■ **केपी शर्मा ओली**



हामी अस्थिरताको खेलमा छैनौं । मुलुकमा अस्थिरता नहोस् भन्ने हाम्रो चाहना हो ।

■ **रवि लामिछाने**

**काठमाडौं (प्रस)–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी सरकार परिवर्तनको पक्षमा नभएको बताएका छन् । बिहीबार चितवन पुग्ने क्रममा भरतपुर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै अध्यक्ष ओलीले कांग्रेससँग आफूले सरकार गठनको कुनै प्रस्ताव नगरेको बताएका हुन् । 'कांग्रेससँग मैले प्रस्ताव गरेको (बाँकी पृष्ठ २ मा)

कोशी प्रदेश

# सत्ता जोगाउने कसरत

- एमालेको अन्तिम प्रदेश सरकार संकटमा
- मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई एक मतको खाँचो
- ९३ सदस्यीय संसद्मा एमाले गठबन्धनको ४६ जना सांसद
- विपक्षी गठबन्धनका कांग्रेस, माओवादी र नेकपा एसको ४५
- एक जना सांसद रहेको जसपा तटस्थ बस्ने



यो बाटो (विश्वासको मत दिने) मा नजाने भए हामीले तत्कालै मध्यावधि निर्वाचनको सामना गर्नुपर्छ । मध्यावधि निर्वाचन गर्न हामी तयार छौं ।

■ **हिक्मतकुमार कार्की**
मुख्यमन्त्री



उहाँ (मुख्यमन्त्री)को पक्षमा संसद्मा बहुमत छैन । अल्पमतमा हुनुहुन्छ । नभएपछि उहाँ संसद् छाडेर भाग्नुभयो । यो ठीक होइन ।

■ **इन्द्रबहादुर आङ्बो**
नेता, माओवादी संसदीय दल

■ **जेबी योञ्जन**

**काठमाडौं–** संघीय र तीनवटा प्रदेश सरकार गुमाएको नेकपा एमालेलाई बाँकी रहेको कोशी प्रदेश सरकार जोगाउन हम्मेहम्मे परेको छ । आज बिहानसम्ममा कुनै राजनीतिक उथलपुथल नभएको अवस्थामा मुख्यमन्त्री हिक्मतकुमार कार्की रहेको सरकार ढल्दै छ ।

यदि, 'रात रहे अग्राख पलाउँछ' भने जसरी नै रातारात संसदीय अंकगणित आफू अनुकूल बनाएको अवस्थामा भने कार्की नेतृत्वको एमाले सरकार जोगिने सम्भावना छ । ९३ सदस्यीय प्रदेश संसद्मा कार्कीलाई सरकार जोगाउन ४७ जना सांसदको विश्वास भए पुग्छ । कार्कीको दल एमालेका ४० जना र सत्ता साझेदार अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का छ जना सांसद छन् । दुई दलको गरी ४६ जना सांसद पुग्छ । एक जना सांसद अपुग हुन्छ ।

कार्की नेतृत्वको सरकार ढाल्ने भन्दै आएका विपक्षी दलहरू नेपाली कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका १३ जना र नेकपा एकीकृत समाजवादीका चार जना गरी ४६ जना नै सांसद छन् । अर्को दल जनता समाजवादी (जसपा) सँग एक जना सांसद छ । तर, तटस्थ बस्ने जनाएको छ । यसले गर्दा कार्की नेतृत्वको सरकार विश्वासको संकटमा पर्ने देखिएको छ । कार्कीलाई भने जसपाकै एक जना सांसदको आसा छ । यदि, जसपाको एक जना सांसदले विश्वासको मत दिए वर्तमान सरकार जोगिन्छ ।

तर, जसपा तटस्थ रहेको र कांग्रेस, माओवादी र नेकपा एसका कुनै पनि सांसदले दायाँबायाँ नगरेको अवस्थामा कार्की नेतृत्वको सरकार ढल्ने निश्चित रहेको देखिएको छ । मुख्यमन्त्री कार्कीले यदि आफूले विश्वासको मत नपाएको अवस्थामा मध्यावधि निर्वाचनमा जाने अभिव्यक्ति दिएका छन् ।

'मेरो विश्वास छ, यो भन्दा अर्को विकल्प छैन । यही बाटो (विश्वासको मत दिने) मा जानैपर्छ,' उनले (बाँकी पृष्ठ ३ मा)

## संसद्बाट किन बाहिरिए कार्की

**काठमाडौं (प्रस)–** मुख्यमन्त्री हिक्मतकुमार कार्की विश्वासको मत मागेर जवाफ दिने बेलामा संसद् बैठक नै स्थगित गराउँदै बाहिरिनुलाई विपक्षी दलहरूले संशयपूर्ण ढंगले हेरेका छन् । कांग्रेस संसदीय दलका सचेतक भूपेन्द्र राईले संसद्मा विश्वासको मत पाउने सम्भावना न देखेपछि कार्कीले विश्वासको मत नलिएको बताए ।

उनका अनुसार कतै कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपाका सांसदलाई प्रभावित पार्न सकिन्छ कि भन्ने मनसायले विश्वासको मत लिन आह्वान गरिएको बैठक स्थगित गरेर केही समय पर धकेलेको हुनसक्छ । (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# वैदेशिक रोजगारीमा जाने २ लाखभन्दा बढी श्रमिक सामाजिक सुरक्षा योजनामा

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने दुई लाखभन्दा बढी नेपाली श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध भएका छन् । सरकारले विशेष महत्त्वका साथ रोजगारीका लागि विदेश जाने नेपाली श्रमिकलाई लक्षित गरी सञ्चालनमा ल्याएको यस योजनामा दुई लाख पाँच हजारभन्दा बढी श्रमिक आबद्ध भएको कोषले जानकारी दिएको छ ।

यस योजनामा सहभागी भएबापत झण्डै तीन महिनाको अवधिमा श्रमिकले ३५ करोड रूपैयाँभन्दा बढी रकम योगदान गरेको कोषले जनाएको छ । सरकारले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिन सामाजिक सुरक्षा योजनामा अनिवार्य योगदान गर्नुपर्ने व्यवस्था गरेको छ । सोहीअनुरूप विदेश जाने संख्या र रकममासमेत वृद्धि भएको बताइएको छ ।

योजना सञ्चालन भएयता चैत, वैशाख र जेठमा गरी तीन महिनाको अवधिमा एक लाख ७५ हजारभन्दा बढी नेपाली रोजगारीका लागि विदेश गएको सरकारी तथ्यांक छ । त्यस्तै असार १० गतेसम्म २० हजारभन्दा बढीले श्रम स्वीकृति लिइसकेको विभागले जनाएको छ । अहिलेसम्म पाँच हजारको हाराहारीमा विदेशमा रहेका श्रमिकहरूले पनि सामाजिक सुरक्षा योजनामा सहभागिता जनाएको कोषका प्रवक्ता विवेक पन्थीले बताए ।






विदेशमा जानेहरूलाई सामाजिक सुरक्षा योजनामा अनिवार्य आबद्ध हुनुपर्ने व्यवस्था भएका कारण वैदेशिक रोजगारीमा रहेकाभन्दा श्रम स्वीकृति लिएर जाने श्रमिकहरूको संख्या बढी छ । विदेशमा काम गरिरहेका श्रमिकहरु पनि नवीकरणका क्रममा सुरक्षा योजनामा आबद्ध हुने क्रम बढ्दो छ ।

■ **विवेक पन्थी**
प्रवक्ता, सामाजिक सुरक्षा कोष

'विदेशमा जानेहरूलाई सामाजिक सुरक्षा योजनामा अनिवार्य आबद्ध हुनुपर्ने व्यवस्था भएका कारण वैदेशिक रोजगारीमा रहेकाभन्दा श्रम स्वीकृति लिएर जाने श्रमिकहरूको संख्या बढी छ,' उनले भने, 'विदेशमा काम गरिरहेका श्रमिकहरू पनि नवीकरणका क्रममा सुरक्षा योजनामा आबद्ध हुने क्रम बढ्दो छ ।' विदेश रहेका श्रमिकलाई अबका दिनमा अझै बढी योजनामा आबद्ध गराउन जानकारीमूलक सन्देश प्रवाह गर्न कोषले आवश्यक तयारी गरिरहेको पन्थीले जानकारी दिए ।

कोषले २०७९ चैत ८ गतेदेखि सञ्चालनमा ल्याएको यस योजनामा वैदेशिक रोजगारी र विदेशमा स्वरोजगार रहेका झण्डै २२ लाख नेपालीलाई समेट्ने लक्ष्य राखेको छ । सामाजिक सुरक्षा योजनामा आबद्ध हुन चाहने श्रमिकले मासिक न्यूनतम दुई हजार दुई रूपैयाँ योगदान गर्नु पर्नेछ भने अधिकतम २८ हजार १५५ रूपैयाँसम्म योगदान गर्न सक्नेछन् । सरकारले कोषमा छ महिनासम्मको एकमुष्ट रकम जम्मा गरे १० प्रतिशत छुट दिने व्यवस्था गरेको छ । श्रमिकले न्यूनतम पारिश्रमिकको २१.३३ प्रतिशत कोषमा योगदान गर्नुपर्नेछ । सरकारले नौ हजार ३८५ रूपैयाँ न्यूनतम पारिश्रमिक निर्धारण गरेको छ ।

सुरक्षा योजनामा आबद्ध हुनेमा सबैभन्दा बढी मलेसिया जाने श्रमिक रहेको कोषले जनाएको छ । जेठ मसान्तसम्म मलेसिया जाने ४० हजारभन्दा बढी श्रमिकले कोषमा योगदान गरेका छन् । त्यस्तै कतार दोस्रो स्थानमा रहेको छ, त्यहाँ गएका झण्डै ३० हजार श्रमिकले योगदान गरेका छन् । तेस्रोमा युएई जाने २८ हजार श्रमिक सामाजिक सुरक्षा योजनामा आबद्ध भएका छन् । त्यस्तै साउदी जाने २५ हजार ८३४, कुवेत जाने आठ हजार, रोमानिया जाने चार हजार ५००, ओमान जाने एक हजार १०० र कोरिया जाने छ हजार २८२ रहेका छन् । सामाजिक सुरक्षा योजनामा खाडी र मलेसियामात्र नभई युरोप, अमेरिकालगायतका मुलुकमा रोजगारीका लागि जाने श्रमिकमा पनि आबद्ध भएको कोषले जनाएको छ ।

सामाजिक सुरक्षा योजनामा आबद्ध भएपछि वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा सुविधा पाउने छन् । योगदानकर्ताले आफूले जम्मा गरेको रकम र कोषले लगानी गर्ने उक्त रकमबाट प्राप्त हुने प्रतिफललाई जोडेर हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकमलाई वृद्धावस्थामा निवृत्तिभरणबापत मासिकरूपमा लिन पाउने कोषले व्यवस्था गरेको छ । यतिमात्र नभई कुनै कारण योगदानकर्ता दुर्घटनामा परे एक लाख रूपैयाँसम्म उपचार खर्च पाउनेछन् । त्यस्तै विदेशमा रहेका योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले निवृत्तिभरण, सन्ततिलाई शैक्षिक वृत्ति र अन्तिम संस्कार खर्च उपलब्ध गराउने कोषले जनाएको छ ।



### निजी विद्यालयलाई प्रमुख साहको निर्देशन

# सामुदायिकसरहको तलब दिनू



**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले महानगरभित्र सञ्चालित निजी विद्यालयलाई सामुदायिक विद्यालयसरहकै तलबको व्यवस्था गर्न निर्देशन दिएका छन् ।

बिहीबार सामाजिक सञ्जालमार्फत प्रमुख साहले सरकारले तोकेअनुसारको तलब सुविधा प्राप्त नभए महानगरपालिकाको शिक्षा विभागमा सम्पर्क गर्न निजी विद्यालयका शिक्षकलाई अनुरोधसमेत गरेका छन् ।

महानगरका संस्थागत (निजी) विद्यालयका शिक्षकबाट तलबका विषयमा गुनासो आउने गरेकोसमेत उनले उल्लेख गरेका छन् । 'शिक्षा ऐन, २०२८ को दफा १२ (७) (छ) मा संस्थागत विद्यालयको शिक्षकलाई पनि नेपाल सरकारले तोकिदिएको तलब स्केल नघटाई तलब दिनुपर्ने भनी उल्लेख गरिएको छ । यस्तै, काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ६८ मा शिक्षक तथा कर्मचारीको तलब भत्ता, निवृत्तिभरण, उपदानलगायतका अन्य सुविधा खाइपाइ आएकोमा नघट्ने गरी संघीय शिक्षा कानुनमा तोकिएबमोजिम हुने उल्लेख गरिएको छ,' उनले भने ।

सोहीअनुसार महानगरपालिकाका सामुदायिक विद्यालयका शिक्षकले प्राप्त गर्ने तलब सुविधा संस्थागत विद्यालयका शिक्षकलाई पनि प्राप्त गराउन प्रमुख साहले निर्देशन दिएका हुन् ।

# मनाइयो बकर ईद

**काठमाडौं (प्रस)**– मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (ईदुल जोहा) बिहीबार देशभरका मस्जिदमा नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ । ईदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर ईद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले बिहीबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा ईदगाहमा गई सामूहिक नमाज पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने विधि छ । यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र ईदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेको थियो । हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वाध्यक्ष निर्दोष अलीले जानकारी दिए ।

'अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकैको प्यारो चिज कुर्वान (बलिदान) दे भन्ने थियो, जसअनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैं आएर परीक्षामा उत्तीर्ण भइस्, यो भेडालाई बलिदान गर भनी आदेश दिए, यही घटनाका आधारमा यो पर्व मनाउन सुरु भएको हो,' पर्वको ऐतिहासिक पृष्ठभूमि बताउँदै उनले भने ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर ईद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्त्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए । 'जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय मदरसामासमेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ,' उनले भने ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हजयात्रा गराउने गरेको छ । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिएका छन् ।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ । निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो । सोहीअनुरूप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्नुपर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ ।

# १४० स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन

**काठमाडौं (प्रस)**– देशभरका ७५३ स्थानीय तहमध्ये करिब १४० स्थानीय तह अहिले प्रमुख प्रशासकीय अधिकृतविहीन भएका छन् । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहमा जाने कर्मचारीको चरम अभाव देखिएपछि ती स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन हुन पुगेका छन् ।

प्रमुख प्रशासकीय अधिकृतको अभावमा कतिपय स्थानीय तहले आगामी आर्थिक वर्षको बजेटसमेत ल्याउन सकेका छैनन् । बजेट निर्माण र कार्यान्वयनमा प्रमुख भूमिका रहने प्रमुख प्रशासकीय अधिकृतसहितका जनशक्ति नै पर्याप्त नभएको भन्दै स्थानीय तहले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अतिरिक्त गाउँपालिका महासंघ र नगरपालिका संघमा गुनासो गर्ने गरेको बताइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ४४ नगरपालिका र ९६ वटा गाउँपालिकाले बजेट ल्याउँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत नगर तथा गाउँसभाको सचिव बन्नुपरेको थियो । संघीय तहमा उपसचिव र अधिकृत उपलब्ध नभएका कारण स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन नसकिएको मन्त्रालयस्थित स्थानीय तह कर्मचारी प्रशासन शाखाका उपसचिव खिलराज राईले जानकारी दिए ।

उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत नभएको ठाउँमा मन्त्रालयले कार्यपालिकाको सिफारिसमा त्यहीको ज्येष्ठ कर्मचारीलाई निमित्त तोकिएको र संघमा भएका झन्डै १०० कर्मचारीलाई स्थानीय तहमा पठाइएको छ । स्थानीय तहमा चाहिने प्रमुख प्रशासकीय अधिकृत संघले पठाउने तथा अन्य कर्मचारी भर्ना गर्न प्रदेश सरकारले लोकसेवामार्फत पदपूर्ति गर्नुपर्ने भए पनि त्यो गर्न नसकिएका कारण समस्या भएको उनको भनाइ छ ।

## स्थानीय बजेटका...

पृष्ठ १ बाट जारी

समुदायमा आधारित समूहको दिगो व्यवस्थापनमा 'एक घर, एक धारा' कार्यक्रमलाई थप बस्तीमा विस्तार गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । गाउँपालिकाको बजारोन्मुख बस्ती पलाँसे चैनपुर, राक्सिराङ, अठारे, चौकीटार र सिलिंगेमा व्यवस्थित बस्ती विकास र नक्सापाससहितको पक्की भवन निर्माण गर्न सहरी विकास तथा एकीकृत बस्ती विकास मापदण्ड कार्यान्वयन गरिने नीति पनि गाउँपालिकाले लिएको छ ।

**साकेलामा 'क्यास'**

खोटाङको साकेला गाउँपालिकाले बसाइँ सर्नेहरूको संख्या बढिरहेका कारण जनसंख्या दिनानुदिन घटिरहेको अवस्थामा जनसंख्यालाई सन्तुलनमा राख्न आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटमा नयाँ नीति अपनाएको छ । गाउँपालिकाले घट्दो जनसंख्यालाई सन्तुलनमा राख्न अन्यत्रबाट बसाइँ सरेर आउने प्रत्येक परिवारलाई सम्मानस्वरूप पाँच हजार रूपैयाँ नगद रकम उपलब्ध गराउने नीति अघि सारेको गाउँपालिकाकी उपाध्यक्ष बिर्सिका राईले बताइन् ।

बसाइँसराइलाई न्यूनीकरण गर्नका लागि आधुनिक उपकरणसहितको स्वास्थ्य सेवा, रोजगारी, गुणस्तरीय शिक्षा, सडक सुविधालगायतको कार्यलाई प्राथमिकता दिएर काम अघि बढाउने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । 'सुसंस्कृत, संस्थागत र समृद्ध साकेला' भन्ने मूल नाराका साथ सम्पन्न १३औं गाउँसभाले आवधिक योजनामा समेटिएका गौरवका योजनाहरूलाई प्राथमिकता दिँदै आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको हो ।

**कुकुरलाई होस्टल, बाँदरलाई बगैंचा**

बागलुङको बागलुङ नगरपालिकाले छाडा कुकुर नियन्त्रण गर्न कुकुर होस्टेल निर्माण गर्ने भएको छ । यस्तै जैमिनी नगरपालिकाले बाँदर नियन्त्रण गर्नका लागि जंगलमै बाँदर बगैंचा बनाउने गरी नीति तथा कार्यक्रम ल्याएको छ ।

जिल्ला सदरमुकाम रहेको बागलुङ बजारमा छाडा कुकुरको समस्या बढेको भन्दै छाडा कुकुरलाई नियन्त्रणमा लिएर कुकुर होस्टेलमा राखिने भएको छ । नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ का लागि कुकुर होस्टेल स्थापनाका लागि १५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । नगरपालिकाभित्र छाडा कुकुरका कारण दुर्घटना बढेको तथा छाडा कुकुरले टोकेका घटना बढ्दै गएका कारण छाडा कुकुरलाई नियन्त्रण गर्न कुकुर होस्टेलमा राख्ने, हेरचाह गर्ने र कुकुर पाल्न चाहनेलाई दिने बागलुङ नगरले नीति लिएको बागलुङ नगरपालिकाका नगर उपप्रमुख राजु खड्काले बताए ।

'छाडा कुकुरको समस्या नियन्त्रण गर्न नगरपालिकाले पशु कार्यालयको समन्वयमा बन्ध्याकरणसमेत गरेका छौं, रेबिजविरुद्धको खोप लगाएका छौं, छाडा कुकुरलाई शून्यमा झार्नका लागि कुकुर होस्टेल बनाउने नगरपालिकाको नीति हो, आगमी आर्थिक वर्षमा पहिलो चरणको काम हुन्छ,' खड्काले भने, 'छाडा कुकुर नियन्त्रण गरेर होस्टेलमा राख्दा बजारमा छाडा कुकुरका कारण निम्तने दुर्घटना र रेबिज रोगको संक्रमण घटेर जानेछ, होस्टेलमा राखिएका कुकुरलाई स्थानीयवासीले पाल्नका लागिसमेत लैजान सक्नेछन् ।'

नगरपालिकाले कुकुरका लागि छुट्टै निर्देशिका नै बनाइसकेको छ । घरपालुवा कुकुर नगरपालिकामा दर्ता गर्ने, नवीकरण गर्ने, अनिवार्य रेबिजविरुद्धको खोप लगाउने कार्यलाई पशुसेवा शाखाबाट काम गर्ने नीति लिइएको छ । नगरपालिकाले छाडा कुकुरलाई मार्न नपाइने भएकाले उत्पादन घटाउन बन्ध्याकरण गर्ने र कुकुरलाई पालन पोषण गरेर कुकुर होस्टेलमा राख्ने भएको हो ।

जिल्ला सदरमुकाममा छाडा कुकुरको समस्याका विषयमा नागरिकबाट निरन्तर आउन थालेपछि नगरपालिकाले कुकुर होस्टेलको अवधारणा लिएको बताइएको छ ।

यस्तै बागलुङको जैमिनी नगरपालिकाले बाँदरलाई जंगलमै भुलाउने कार्यक्रम ल्याएको छ । नगरपालिकामा जिल्लाका १० पालिकामध्ये सबैभन्दा बढी बाँदरको समस्या रहेको छ । जैमिनी नगरपालिकामा बाँदरको समस्या बढ्दै गएका कारण नगरपालिकाले नगरपालिकाको वडा नं ८ छिस्तीको पुरानो गाउँमा बाँदर बगैंचा निर्माण गर्ने नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेको छ ।

नगरपालिकाले बाँदर बगैंचा निर्माणका लागि प्रारम्भिक पूर्वाधार निर्माण गर्न १० लाख रूपैयाँ र गण्डकी प्रदेश सरकारबाट १५ लाख रूपैयाँ गरी २५ लाख रूपैयाँ बजेट विनियोजन गरिएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए । 'जैमिनी नगरपालिकामा बाँदरको समस्या बढ्दै गएको छ, बसाइँसराइका कारण बाँदरको समस्या जटिल बन्नु स्वाभाविक छ, बाँदरलाई जंगलमै भुलाउनका लागि छिस्तीको पुरानो गाउँमा बाँदर बगैंचा निर्माण गर्ने र बाँदरलाई बगैंचामै भुलाउने नगरपालिकाको योजना छ,' नगरउपप्रमुख शर्माले भने, 'पहिलो चरणमा आगमी आर्थिक वर्ष २०८०/८१ मा २५ लाख रूपैयाँ बजेटबाट पूर्वाधार निर्माणको सुरुआत गरिन्छ, बाँदर बगैंचामा जैमिनीभित्रका बाँदरलाई त्यहाँ लगेर पालिन्छ, बगैंचामा बाँदरलाई मनपर्ने फलफूल लगाइन्छ भने बाँदरलाई बगैंचाभित्रै राख्न पूर्वाधार निर्माण गरिनेछ ।'

## सरकारबारे...

पृष्ठ १ बाट जारी

छैन, कांग्रेसले पनि मलाई प्रस्ताव गरेको छैन । तपाईं (पत्रकार) मार्फत जानकारी पाइरहेका छौं,' नयाँ सरकार गठनबारे सोधिएको प्रश्नमा ओलीको जवाफ थियो ।

पछिल्लोपटक कांग्रेस र एमालेबीच नयाँ सरकारको गठनका लागि भित्री सहमति जुटेको चर्चा चलेको थियो । यसका लागि पार्टीका दोस्रो तहका नेताहरूबीच छलफलसमेत चलेको थियो । पार्टीका दोस्रो तहका नेतामार्फत एमाले र कांग्रेस मिल्ने गरी कुराकानी गरिएको भन्ने विषयमा पनि आफूलाई कुनै जानकारी नभएको दाबी ओलीले गरे ।

यसैबीच कांग्रेस सभापति शेरबहादुर देउवाको लामो सिंगापुर बसाइँले सत्तारुढ दल माओवादी केन्द्र, जनता समाजवादी पार्टी र एकीकृत समाजवादी सशंकित भएका थिए । देउवा देशमा नभएको मौकामा यी दलली समाजवादी मोर्चासमेत घोषणा गरेका थिए । एकअर्कामा अविश्वास बढ्दै गएको समयमा जसपाका अध्यक्ष उपेन्द्र यादव र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले संशोधनविना बजेट पारित हुन नदिने अडान राखेका थिए । तर, एकाएक जसपा र एकीकृतले आफ्नो निर्णय परिवर्तन गर्‍यो । यद्यपि, बजेट पारित गर्नका लागि बहुमत मुश्किलले जुट्यो ।

बिहीबार नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले ओलीको भनाइसँगै मेल खाने मन्तव्य राखेका छन् । चितवनमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले आफूहरू राजनीतिक अस्थिरताका पक्षमा नरहेको बताएका हुन् । 'हामी अस्थिरताको खेलमा छैनौं । मुलुकमा अस्थिरता नहोस् भन्ने हाम्रो चाहना हो,' लामिछानेले भने । एमाले र रास्वपा एकैसाथ सरकारमा पुगेको र मुद्दामा पनि अहिले समान धारणा राख्ने पार्टी हो । पछिल्लोपटक सदनमा दुई पार्टीले विरोधका मुद्दामा एकले अर्कोलाई साथ दिँदै आएको छ । सभापति लामिछानेले रास्वपा अहिले संगठन निर्माणका क्रममा रहेको भनाइ राखे । संगठन निर्माणसँगै रास्वपाले सरकारका कामप्रति निरन्तर खबरदारी गरिरहने उनले बताए । ओली आज हुने रोपाइँ कार्यक्रमका लागि भरतपुर पुगेका हुन् भने लामिछाने आफ्नो निर्वाचन क्षेत्रमा रहेका छन् ।

## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


असार १५ गते २०८०, शुक्रबार

**मेष** महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ ।

**वृष** दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ ।

**मिथुन** अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**कर्कट** आँटेको र ताकेको कार्य पुरा होला ।

**सिंह** आज कुनै कुराले अनुहारमा चमक आउनेछ ।

**कन्या** राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला ।

**वृश्चिक** आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मकर** प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ ।

**कुम्भ** सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ ।

**मीन** आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १५ गते, २०८०, ३० जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रेन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।





**तयार हुँदै जुजु धौ** | भक्तपुर नगरपालिका–२ व्यासीमा माटोको भाँडोमा जुजु धौ (दही) तयार गर्दै व्यवसायी । नेपाली समाजमा आज असार १५ मा दही चिउरा खाने प्रचलन छ ।

*तस्बिर: लक्ष्मी गारु/रासस*

# ‘प्रत्यक्ष वैदेशिक लगानीलाई प्रवर्द्धन र संरक्षण हुन्छ, लगानी गर्नुहोस्’

■ **अशोक घिमिरे**




**छेन्दु (चीन)**– उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको लगानी प्रणालीमा उल्लेख्य सुधार गरी विदेशी लगानीलाई प्रोत्साहन, प्रवर्द्धन एवं संरक्षण गर्ने नीति लिएको जानकारी दिएका छन् । चीनको सिचुवान प्रान्तको छेन्दुमा आयोजित १९औं पश्चिम चीन अन्तर्राष्ट्रिय मेलाको उद्घाटनसत्रलाई बिहीबार सम्बोधन गर्दै उनले भने, ‘प्रत्यक्ष वैदेशिक लगानीलाई मध्यनजर गर्दै नेपालले व्यापार र लगानीमैत्री नीति अवलम्बन गरेका छौं, लगानी गर्नुहोस् ।’

नेपालमा लगानीका अवसरबारे जानकारी गराउँदै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘हाम्रो कर स्ल्याबहरू सबभन्दा कम छन्, व्यापारका लागि पनि उपयुक्त वातावरण छ । त्यसैले नेपालको जलविद्युत्, पर्यटन, कृषि, खनिज, खानीलगायतका क्षेत्रमा लगानीका अवसरहरू छन् ।’ उनले नेपालको कानुनले लगानीबाट आर्जन गरेको आम्दानीलाई लगानीकर्ताको देशमा लैजानका लागि पूर्णरूपमा अनुमति दिएको पनि स्पष्ट पारे ।

वैदेशिक लगानीका सम्बन्धमा पछिल्लो समय नेपालले लिएको नीतिबारे जानकारी गराउँदै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘नेपालमा दर्ता भएका विदेशी कम्पनीहरूले जग्गा खरिद, स्वामित्व लिन र बिक्री गर्न पनि सक्ने छन्, स्वदेशी र विदेशी लगानीलाई कुनै भेदभाव गरेको छैन । निजी उद्योगलाई राष्ट्रियकरण गर्ने नीति पनि छैन ।’ पछिल्लो समय सुधार भएका कानुनले व्यावसाय प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान गर्ने विश्वास दिलाउँदै उनले श्रम कानुनलाई सुधारेर कम खर्चिलो जनशक्ति उपलब्ध गराउने नीति लिइएको जानकारी दिए ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को सञ्चालनका लागि प्रक्रियामा सरलता कायम गर्न आफूहरू गम्भीर भएर लागिपरेको बताउँदै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘एफडिआईको स्वचालित स्वीकृतिका लागि आवश्यक नियमहरू विकास गर्दै छौं ।’ उनले चीनका साथै सम्मेलनमा सहभागी हुन छेन्दु आएका विदेशी उद्योगी व्यवसायीलाई नेपालमा रहेको लगानीको अवसरबाट फाइदा लिन पनि आह्वान गरे ।

पछिल्लो समय नेपालमा विकास भएका लोकतान्त्रिक पद्धतिको स्थायित्व र संस्थागत विकासका लागि पनि नेपालमा वैदेशिक लगानी आवश्यक भएको जानकारी गराउँदै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘ऐतिहासिक शान्ति प्रक्रिया, लोकतान्त्रिक राजनीतिक परिवर्तन, गणतन्त्र र समाजवादोन्मुख समावेशी लोकतन्त्र स्थापनार्थ जारी संविधानको संस्थागत गर्न आर्थिक समृद्धि र विकास जरुरी छ, त्यसका लागि नेपाललाई एफडिआईसहित अन्तर्राष्ट्रिय सहयोगको आवश्यक छ ।’

सम्मेलनमा सहभागीलाई नेपाल भ्रमण गर्न आग्रह गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र नेपालको साहसिक पर्यटनको अनुभव गर्न यहाँहरूलाई आग्रह गर्दछु,’ उनले नेपालको वास्तविक प्रकृतिमा रमाउन आग्रह गर्दै भने, ‘तपाईंहरू नेपालको भव्य हिमालयको अद्भूत दृश्यहरू देखेर जीवनभरको अनुभव गर्नुहुनेछ ।’

नेपाल-चीनबीचमा शताब्दीऔंदेखि उत्कृष्ट सम्बन्ध र मित्रता रहँदै आएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘दुई देश पहाड र नदीले जोडिएका छन्, हामी भौगोलिक निकटता र सांस्कृतिक आत्मीयताले गाँसिएका छौं, हाम्रो असल मित्रता विश्वसनीय छन् ।’ नेपाल-चीन एकअर्काको सार्वभौमसत्ता, भौलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको पक्षमा अडिग रहँदै आएको उल्लेख गर्दै उनले भने, ‘नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ, आफ्नो भूमि चीन र अन्य छिमेकीको हितविरुद्ध प्रयोग हुन नदिनेमा सधैं प्रतिबद्ध छ ।’

नेपाल-चीनबीच रहिआएको सदियौं पुरानो मैत्रीपूर्ण सम्बन्ध र सहयोगलाई अझ प्रगाढ तुल्याउनका लागि यसलाई विकास र समृद्धिको लागि प्रयोग गर्ने रणनीति अपनाइएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गत ट्रान्स हिमालयन बहुआयामिक कनेक्टिभिटी नेटवर्कमार्फत सम्पर्क सञ्जाललाई विस्तार गर्न हामी लागि परेका छौं ।’

नेपालको विकासमा चीनले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको स्मरण गर्दै उनले भने, ‘हाम्रो खुसीका लागि चीनले उच्च गुणस्तरीय पूर्वाधार निर्माण, समृद्धिका लागि पहल, मानवता र प्रकृतिबीचको सद्भाव प्रवर्द्धन गर्ने र मानव उन्नति र विकासका नयाँ स्वरूप सिर्जनामा महत्त्व दिएको छ ।’ उप्रधानमन्त्री श्रेष्ठले नेपालजस्ता विकासोन्मुख देशहरूको क्षमता विकास र समृद्धिसहित आधुनिकीकरणमा चीनले पुर्‍याएको सहयोगको प्रशंसा गरे ।

सिचुवान प्रान्तसँग नेपालको ऐतिहासिक सम्बन्ध रहेको स्मरण गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नेपाल र सिचुआनबीच भूगोल, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्बन्धका धेरै समानता रहेको बताए । नेपाल र चीनका जनताले बुद्धका शिक्षा र दर्शनलाई उच्च सम्मान गर्ने यथार्थ बताउँदै उनले त्यसले पनि द्विपक्षीय सम्बन्धलाई प्रगाढ तुल्याएको उल्लेख गरे । उपप्रधानमन्त्री श्रेष्ठले पछिल्लो समय छेन्दु चीनको प्रवेशद्वार बनेको उल्लेख गर्दै चीनसँगको नेपालको कूल व्यापारको एक तिहाइभन्दा बढी यसै प्रान्तबाट हुने गरेको बताए ।

नेपालका लागि अन्तर्राष्ट्रिय मेला निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले मेलाले नेपालका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धनका लागि महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे । उपप्रधानमन्त्री श्रेष्ठले यस्ता मेलाले जनस्तरको सम्बन्धलाई पनि प्रवर्द्धन गर्ने उल्लेख गरे । नेपालले सन् २०१३ देखि यस मेलामा भाग लिँदै आएको छ ।

चीनले आफ्नो समग्र सामाजिक र आर्थिक विकासका साथै प्राविधिक विकासमा फड्को मारेको उल्लेख गर्दै उनले राष्ट्रपति सी चिनफिङको परिकल्पनाअनुसार सन् २०४९ सम्ममा चीन पूर्ण विकसित, बलियो र संस्कृतिकरूपमा उन्नत समाजवादी राष्ट्र बन्ने विश्वास व्यक्त गरे । *रासस*

## केरुंगा खोलाको सीमांकन थालियो

**भरतपुर (प्रस)**– भरतपुरको केरुंगा खोलाको सीमांकन कार्य सुरु भएको छ । बिहीबार महानगरपालिकाको वडा नं ५ र ६ को सिमानाबाट सीमांकनको काम सुरु गरिएको हो ।

खोला सीमांकनको काम सुभारम्भ गर्दै भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले महानगरपालिकाले सार्वजनिक जमिन संरक्षणको कामलाई निरन्तर अघि बढाएको बताइन् । उनले महानगरमा अतिक्रमित जमिनको संरक्षण गरिने भन्दै सबैको साथ र सहयोगको आवश्यकता रहेको बताइन् ।

‘सार्वजनिक जग्गामा बनेका अवैध संरचनाको पहिचान गरी हटाउने कार्यलाई महानगरपालिकाले प्राथामिकता राखेको छ,’ महानगरप्रमुख दाहालले भनिन्, ‘व्यक्ति विशेष वा संस्थाले ओगटेको सार्वजनिक सम्पत्तिलाई संरक्षण गर्न क्षेत्रगत समिति गठन भएको छ ।’

केरुंगा खोला संरक्षण समितिका संयोजक तथा उपप्रमुख चित्रसेन अधिकारीले वडा नं ११ देखि २४ को राप्ती नदीसम्म पुग्ने खोला ३० किलोमिटर लामो रहेको बताए ।

## सत्ता जोगाउने...

पृष्ठ १ बाट जारी

बिहीबार विश्वासको मत संसद्मा लिने क्रममा भने, ‘यो बाटो (विश्वासको मत दिने) मा नजाने भए हामीले तत्कालै मध्यावधि निर्वाचनको सामना गर्नुपर्छ । मध्यावधि निर्वाचन गर्न हामी तयार छौं ।’

मुख्यमन्त्री कार्कीले आफ्नो सरकार नटिके मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर प्रदेशमा मध्यावधि निर्वाचन घोषणा गर्ने बताएका हुन् । गत वर्षको ४ मंसिरमा मात्रै प्रदेशमा निर्वाचन भएको हो । तर, कार्कीले यदि आफ्नो सरकार नबने संसद् जीवित नराख्ने चेतावनीसहित मध्यावधि निर्वाचन घोषणा गर्ने आशयको अभिव्यक्ति दिएका हुन् ।

संविधानविद् डा. विपीन अधिकारी मुख्यमन्त्री कार्कीले संसद्मा जसरी पनि संवैधानिक प्रक्रियाअनुसार विश्वासको मत लिनुपर्ने बताउँछन् । संसद्मा विश्वासको परीक्षण गर्नु उनको संवैधानिक दायित्व भएको र संसद्लाई छल्न नमिल्ने अधिकारीको भनाइ छ । ‘सार्वभौम संसद्मा पहिले समर्थन गरेका दलहरूले फिर्ता लिएपछि ३० दिनभित्रमा विश्वासको परीक्षण गर्नुपर्छ । विश्वास प्राप्त गरे सरकार टिक्छ, नभए ढल्छ,’ उनले प्रभावसँग भने, ‘यो संवैधानिक दायित्वबाट मुख्यमन्त्री भाग्न मिल्दैन ।’

कार्कीले बिहीबार प्रदेश संसद्मा विश्वासको मत मागे । तर, उनलाई कांग्रेस, माओवादी र नेकपा एसले मत दिन नसक्ने स्पष्ट पारे । जसपाले भने तटस्थ बस्ने विज्ञप्तिमार्फत जानकारी दियो । त्यसपछि प्रदेश सभामुख बाबुराम गौतमले जवाफ दिन मुख्यमन्त्री कार्कीलाई समय दिएका थिए । त्यसक्रममा उनले ३० मिनेटका लागि बैठक स्थगित गर्न सभामुखसँग आग्रह गरे । त्यहीबेला संसद् भवनबाट बाहिरिएका कार्की फर्केर संसद् गएनन् । बरु, एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीमार्फत आज (शुक्रबार) बिहान ८ बजेसम्मका लागि बैठक स्थगित गर्न आग्रह गरिएको पत्र सभामुखलाई पठाए ।

सभामुख गौतमले आज बिहान ११ बजेका लागि बैठक बोलाएका छन् । माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो कार्कीले प्रतिकूल संसदीय अंकगणित भएको थाहा पाएपछि विश्वासको मत नलिईकन भागेको बताए । ‘उहाँ (कार्की)को पक्षमा संसद्मा बहुमत छैन । अल्पमतमा हुनुहुन्छ । नभएपछि उहाँ संसद् छाडेर भाग्नुभयो । यो ठीक होइन,’ आङ्बोले भने ।

एउटामात्रै रहेको प्रदेश सरकार पनि संकटमा परेपछि पार्टी अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासँग टेलिफोन संवाद गरेको विवरण सार्वजनिक भएको छ । तर, दुई नेताबीच भएको कुरामा केही सहमति भयो कि भएन ? त्यो खुलासा भएको छैन ।

प्रदेशका कांग्रेस संसदीय दलका नेता उद्धव थापाले भने कुनै पनि हालतमा मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिन नसकिने बताए । प्रदेशको राजनीतिक स्थिरता र विकासका लागि भए पनि कार्की नेतृत्वको सरकार ढाल्नुको विकल्प नभएको उनी बताउँछन् ।

‘नेतृत्व तहमा के कुरा भयो ? त्यो मैले जान्ने कुरा होइन तर के हो भने यहाँ मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिन हामी सक्दैनौं । उहाँको सरकार जोगाउन हामी तयार छैनौं,’ उनले भने ।

गत पुस २४ गते कार्की मुख्यमन्त्रीमा नियुक्त भएका थिए । त्यसबेला उनको दल एमाले र राप्रपासँगै माओवादी र जसपाको समर्थन थियो । तर, माओवादी र जसपाले समर्थन फिर्ता लिएपछि कार्की अल्पमतमा परेका हुन् ।

### सभामुखले मतदान निर्णायक ?

प्रदेश सभामुख माओवादीका बाबुराम गौतम छन् । उनको निर्णायक मतले मात्रै कार्की नेतृत्वको प्रदेश सरकार जोगिने सम्भावना छ ।

तर, संविधानविद् डा. अधिकारी संसद्को नेता भनिने सभामुख संसद्मा कुनै पार्टी वा गठबन्धनतिर मतविभाजनमा सहभागी भएर खुल्दा त्यसले राम्रो सन्देश नजाने बताउँछन् ।

‘ल मानौं, आज सरकार बनाउन सभामुखले मतदान गर्नुभयो । भोलि बजेट पारित गर्न मतदान गर्नुपर्ने हुन्छ । विधेयक पास गर्नदेखि प्रदेशसभामा आएका प्रस्तावहरू पास गर्न पनि सभामुखकै संलग्नता चाहिएला,’ उनले भने, ‘सरकार पक्षमा उभिने सभामुखले कसरी सभा सञ्चालन गर्न सक्छ ? या प्रतिपक्षमा उभिँदा कसरी सभा निष्पक्ष सञ्चालन गर्न सक्छ ? घाँडो सिर्जना हुन्छ ।’

उनले सभामुखलाई मतदान प्रक्रियामा सहभागी गराउन नहुने बताएका छन् । उसो त माओवादीले पनि सभामुखलाई मतदानमा सहभागी नगराउने जनाइसकेको छ ।

## संसद्बाट...

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले मुख्यमन्त्री कार्की विकृत संसदीय अभ्यासमा लागेको बताए । उनले सांसद किनबेचको कार्की लागेको आरोप लगाए तर त्यो प्रयास सफल नहुने दाबी गरे ।

उसो त अघिल्लो संसद्को कार्यकालमा गण्डकी र लुम्बिनीमा सांसद अपहरण गर्नेदेखि सम्पर्कविहीन गर्नेसम्मको हर्कत भएका थिए । माओवादीका तत्कालीन लुम्बिनी प्रदेश सांसद विमला वलीलाई मुख्यमन्त्री शंकर पोखरेलको सरकार जोगाउन एमालेले सम्पर्कविहीन बनाएको थियो । पछि उनी सम्पर्कमा आइन् । तर, उनी माओवादीमा खुलेपछि भने पोखरेल सत्ताच्युत भए ।

गण्डकीमा जनमोर्चाका तत्कालीन संसदीय दलका नेता कृष्ण थापा र सांसद खिमविक्रम शाही एमालेका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसँग निकट थिए । अन्ततः कांग्रेस, माओवादीसहितका दलहरूले सरकार बनाउन लाग्दा शाही केही दिन सम्पर्कविहीन भए । पछि उनी अस्पतालमा भेटिए । कोभिड भएको भनियो । कांग्रेस, माओवादीसहितका दलहरूले भने उनलाई त्यसबेला एमालेले पैसा दिएर किनेको आरोप पनि लगाए ।

बिहीबार कोशी प्रदेशका मुख्यमन्त्री कार्कीले पनि विश्वासको मतका लागि बसेको बैठक स्थगित गराई संसद्बाट अलग हुनुलाई कतै सांसद किन्ने त होइनन् ? कांग्रेस संसदीय दलका सचेतक राईले आशंका व्यक्त गरेका हुन् ।

तर, एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने संसद्मा उठेका सवालको जवाफ दिन तयारी आवश्यक भएकाले मुख्यमन्त्रीले बैठक स्थगित गराएको दाबी गरेका छन् ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Gulf Management International Pvt. Ltd** इजाजत नम्बर ७८८/०६५/०६६ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | ठेगाना |
|---|---|---|
| १. | बीर बहादुर के.सी | फेदीखोला १, स्याङ्जा |

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम इजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS23Y01-82CM | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS23Y02-82CM | N/A | CHINA | PCS | 6,850.00 | 7,735.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS23Y03-82CM | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |

बिक्रेता फर्मको नाम : Panchasorna Group Pvt. Ltd.
ठेगाना : Pepsikola-32, Kathmandu, Nepal
स्थायी लेखा नं. : 606749170
फोन नं. : 9801171012

**नेपालगंज उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नेपालगंज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०३/१५**

यस उप-महानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरू मध्ये न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखीएको तपशिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का विवरण | छनौट भएको निर्माण ब्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १ | Lift Supply and Installation Project (,Contract ID: NSMC/NCB/LG 01/079-080) | श्री नेपाल मल्टि ईन्जिनियरिङ्ग ट्रेडिङ्ग कन्सर्न काठमाण्डौं, नेपाल | रु. १७,२५,०००।०० (भ्याट र पि.एस. बाहेक ) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### धान दिवसलाई परिणाममुखी बनाऊ

आज असार १५ । आजकै दिनलाई नेपालमा राष्ट्रिय धान दिवसको रूपमा मनाउने गरिन्छ । यस दिनलाई रोपाइँ जात्राका रूपमा पनि मनाउने गरिन्छ। खेतमा धान रोपाइँसँगै आपसमा हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्ने गरिन्छ। सँगै, दही चिउरा खाने प्रचलन पनि नेपाली समाजमा स्थापित छ । कामको चटारोले थकित भएका किसानलाई दही र चिउराले शक्ति र शीतलता प्राप्त हुने जनविश्वास रहेको पाइन्छ । खेतीपातीमा संलग्न नभएकाहरूले पनि आज दही चिउरा खाएर असार १५ मनाउने गरेका छन् ।

'मानो रोपेर मुरी फलाउने' महिनाको रूपमा मानिन्छ असार महिना। त्यसैले यो महिना कृषकका लागि अति नै महत्त्वपूर्ण महिनाको रूपमा रहेको छ। यसै महिनाको मध्य दिन आज धान दिवस मनाउने गरिएको हो। नेपालले २०६२ सालदेखि असार १५ लाई धान दिवसका रूपमा मनाउँदै आएको छ। धान दिवसको अवसरमा विभिन्न कार्यक्रमसमेत आयोजना गरिन्छ।

धान नेपालको प्रमुख खाद्यान्न बाली हो। तर, पछिल्लो समय धानको उत्पादन क्षेत्र क्रमशः घट्दै गएको छ । रोपाइँ गर्ने जमिन प्लटिङ गरी बेचबिखन गर्ने क्रम बढ्दा उत्पादन क्षेत्र घट्दै गएको हो। अर्कोतर्फ, सरकारले कृषिलाई प्राथमिकता दिने नीति लिए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । कृषकले हरेक वर्ष रोपाइँको मुख्य समयमा नै मल तथा सिँचाइका लागि पानीको अभाव खेप्नुपरिरहेको छ । अधिकांश क्षेत्रमा आकाशेपानीको भरमा रोपाइँ गरिँदै आएको छ । त्यसैले समयमा पानी नपरिदिँदा रोपाइँ गर्न पाउँदैन । यस वर्ष पनि मुलुकको पूर्वीभागमा पानी परेर समयमै रोपाइँ गर्न पाए पनि पश्चिम क्षेत्रमा पानी नपर्दा समस्या भएको छ। रोपाइँ गर्ने बेलामा आकाशेपानीबाहेक सिँचाइको व्यवस्था नहुँदा किसानले वर्सेनि समस्या बेहोर्नु परिरहेको छ।

सरकारले समयमा मल उपलब्ध गराउन नसक्दा प्रत्येक वर्ष यो सिजनमा कृषकले सास्ती बेहोर्नुपरिरहेको छ। वर्षौंदेखिको यो समस्या कुनै पनि सरकार आए पनि समाधान हुन सकेको छैन। यसपटक पनि कृषकहरूले मलको अभाव भोग्नुपरिरहेको छ। तर, प्रधानमन्त्री पुष्पकमल दाहालले भने मल अभाव हुन नदिएको दाबी गरेका छन् । उनले संसद्मा आगामी आर्थिक वर्षको बजेटमाथि उठेको प्रश्नको जवाफ दिने क्रममा मलको अभाव हुन नदिन पर्याप्त व्यवस्था गरेको दाबी गरेका हुन् । तर, उनको दाबीअनुसार कृषकले मल पाएका छैनन्।

कृषिप्रधान देश भनिए पनि कृषिमा पर्याप्त लगानी गर्न नसक्दा मुलुकले ठूलो मात्रामा कृषिवस्तु आयात गरिरहेको छ। धानको पनि अवस्था उही छ। स्वदेशमा उत्पादन बढाउन सके मुलुकबाट बाहिरिने ठूलो रकम जोगिने निश्चित छ। सरकारले धान उत्पादन बढाउने हो भने माथि उल्लिखित समस्याहरूको सम्बोधन गर्न जरुरी छ । अनिमात्र धान दिवसले सार्थकता पाउनेछ। राष्ट्रिय धान दिवसको शुभकामना !

# पर्यटनका लागि वायुसेवा : आरोह-अवरोह



▶▶ हरिगोपाल प्रधान

नेपालको परिप्रेक्ष्यमा राष्ट्रको एकमात्र सरकारी ध्वजावाहक नेपाल वायुसेवा निगमले धेरै उतारचढाव बेहोरिसकेको छ, तैपनि यसले अहिलेसम्म आफ्नो अस्तित्वलाई कायम राख्न सफल रहेको छ । निगमको हाल अन्तर्राष्ट्रिय बजार हिस्सा ४० प्रतिशत रहेको भएता पनि यो दिनदिनै घट्दै जाने क्रममा रहेको छ । आन्तरिक सेवातर्फ भने यसको बजार सेयर घट्दै जानुमा नेपालमा अन्तर्राष्ट्रिय हवाई कम्पनीहरूको बढ्दो आगमन नै हो । तुलनात्मक रूपले पर्यटकहरूको आगमन पनि खासै बढ्न सकेको छैन । सरकारले ४० वटा मुलुकहरूसँग द्विपक्षीय हवाई-सम्झौता गरिसकेको छ र त्यसबाट करिब १० लाख हवाई-सिट नेपाललाई उपलब्ध हुन्छ । तर, ती सिटहरु नेपालले प्रयोग गर्न सकेको छैन । नेपालको पर्यटन-विकासका लागि यो असक्षमता अत्यन्त महँगो हुन पुगेको छ ।

विज्ञानको विकासले क्रमशः फड्को मार्दै जाँदा विकासको अग्रगति सँगसँगै विश्वले नयाँ-नयाँ यन्त्र र उपकरणहरू देख्न थाल्यो । त्यस्ता यन्त्रहरूमध्ये एउटा आश्चर्यजनक यन्त्र वायुयान थियो । वायुयानको प्रारम्भ भएपछि नै विश्वमा हवाई यातायातको विकास हुन थालेको हो । वायुयानले गर्ने उडानसेवालाई वायुसेवा भनियो ।

विकासका क्रममा वायुसेवाले आफ्नो महत्त्वपूर्ण यान्त्रिक क्षमतालाई बढाउँदै लगेको छ र परिस्कृत एवं परिमार्जित गराउँदै अहिले वायुसेवा उच्चस्तरमा पुगिसकेको छ । अत्याधुनिक प्रविधिहरू यस क्षेत्रमा अझै भित्रिइरहेका छन् । पर्यटन व्यवसायका लागि सबैभन्दा ठूलो वरदान बनेको वायुसेवाले विश्वलाई नै एउटा सानो गाउँमा परिणत गराउन अहम् भूमिका खेलेको छ । यसैले गर्दा विश्वमा हवाईयात्रुहरूको संख्यामा क्रमशः बढोत्तरी भइरहेको छ । अहिले प्रत्येक वर्ष दशौं लाखभन्दा बढी व्यक्तिहरूले आन्तरिक हवाईयात्रा गरिरहेका छन् ।

वायुसेवाले विश्वलाई साँघुरो पार्दै लगेको छ । वायुसेवाकै कारणले पर्यटनलगायत सबै मुख्य बजारले उच्च वृद्धि हासिल गरेका छन् । वायुसेवाकै कारणले चीन, हङकङ, इटाली र जर्मनीले आफ्ना उत्पादनहरू दोब्बरकै संख्यामा वृद्धि गरिसकेका छन्। विश्व-पर्यटनबजारको आम्दानीमा वृद्धि भई ८०० अरब डलरको हाराहारीमा पुगिसकेको छ । दक्षिण एसियाले कूल आम्दानीको एक प्रतिशतमात्र पाउन सकेता पनि यसबाट युरोप र अमेरिकाको आम्दानीमा मनग्य वृद्धि भएको छ । चीनले पनि उल्लेखनीय वृद्धिको अभिलेख राखिसकेको छ । नेपालले पनि वायुसेवाबाट आयआर्जन गर्ने त गरिरहेको छ, तर कमिसनतन्त्र, राजनीतिक द्वन्द्व, राजनीतिक हस्तक्षेप र समुचित व्यवस्थापनको अभावको कारणले गर्दा अपेक्षित लाभ लिन सकिरहेको छैन । विदेशी पर्यटकहरूको संख्यामा गिरावट आई भारतबाट नेपाल आउने पर्यटकमासमेत प्रशस्त संख्यामा कमी आइदिएकाले पनि नेपाललाई केही समस्या देखापरेको छ। अहिले न्यूनतम विदेशी मुद्रामात्र पर्यटन व्यवसायबाट नेपालले आम्दानी गर्ने गरेको छ।

सन् १९९० को दशकदेखि हवाईयात्रुको संख्या विश्वमा नै बढिरहेको छ । हवाईयात्रुको संख्या बढेपछि सडक यात्रुहरूको संख्याचाहिँ घटिरहेको छ । सडकयात्राले भन्दा हवाईयात्राले पर्यटकलाई बढी सुविधा दिएको कारणले यस्तो भएको हुनसक्छ । हवाईयात्राको प्रतिशत लगातार बढिरहेझैं सडकयात्राको प्रतिशतचाहिँ लगातार घटिरहेछ। हवाई यातायाताका क्षेत्रमा यो शुभसंकेत हो। युरोपबाहेक अरू सबै क्षेत्रको पर्यटक-परिवहनमा हवाई यातायातको प्रयोग ५० प्रतिशतभन्दा बढी नै हुने गरेको छ । विश्वभरका कूल १.७ अर्ब पर्यटकहरूले हवाई यातायातमार्फत आफ्नो यात्रा तय गर्ने गरेका छन्। उता एसिया र प्रशान्त क्षेत्रका हवाई सेवाहरूले आफ्नो परिवहन क्षमता झन्डै १० प्रतिशतले बढाएका छन् । यिनलाई ७५ प्रतिशतको विश्वव्यापी अनुमानको भन्दा अलि बढी नै अर्थात् ८० प्रतिशत यात्रुभार प्राप्त भइरहेको छ ।

विश्वको हवाई यातायातको विकासक्रमसँगसँगै हवाईयात्राको लागत कम गर्ने पद्धतितिर पनि ध्यान दिन थालिएको छ । आगामी दिनहरूमा वायुसेवा र पर्यटनमा अरू चाप थपिई चर्को प्रतिस्पर्धा हुने स्थिति भएकोले लागत कम गर्नेतर्फ ध्यान जान थाल्नु स्वाभाविक पनि हो ।

यस क्षेत्रमा ठूला-ठूला एयरक्राफ्टजस्ता सुपर जम्बो र एयरबसहरू उत्रिन थालेका छन् । अब बढ्दो परिवहन धान्न विमानस्थलहरूको आफ्नो धारक क्षमतालाई पनि अझै वृद्धि गर्नुपर्ने भएको छ । यसका साथसाथै द्रुत टिकेटिङ र उच्च अनुगमनको सुविधा पनि पूरा गर्नुपर्ने भएको छ र पर्यटकीय कागजातको द्रुत व्यवस्थापनको जरुरीसमेत पर्ने भएको छ । इन्टरनेटको व्यापक प्रयोग गरी समयानुकूल हुनु पनि आवश्यक छ भने ट्राभल एजेन्टहरूले प्रविधियुक्त हुनु पनि जरुरी छ । औजार-व्यवस्थापन त्यसैअनुसार नियोजित हुनुपर्ने अर्को आवश्यकता हो । वैकल्पिक वा इच्छाधीन सेवाहरूको पर्याप्तताले गर्दा सोहीअनुरूप यात्रुहरूले पनि बढी मोलाहिजा र बार्गेनिङ गर्ने हुनाले त्यसप्रतिको भूमिका पनि साँच्चै महत्त्वपूर्ण हुने कुरा स्पष्टै छ ।

परिस्थिति यसरी अघि बढ्दै गइरहेको भएता पनि अस्वस्थ प्रतिस्पर्धाले गर्दा वायुसेवाकै क्षमता घटाएको अनुभव पनि गर्नुपरेको छ । लागतको तुलनामा गुणस्तरीय सेवा घट्दै गइरहेको अनुभव पनि हुन थालेको छ। आन्तरिक सेवा-अपरेटरहरूले एकाकार र गठबन्धतनर्फ ध्यान नपुर्‍याएकाले यो समस्या खडा भएको भनाइ सम्बन्धित विज्ञहरू व्यक्त गर्न थालेका छन्। युक्तिसंगत र रामो वित्तीय नीति लिएर द्वेष र दम्भलाई हटाउने हो भने तथा अनियमितताले कुनै अस्तव्यस्तता नल्याओस् भन्ने हेतुले सम्बन्धित सरकारहरूले आकाशमा नियम लगाउने हो भने यो समस्याबाट मुक्ति पाउन सकिन्छ भन्ने खालका सुझावहरू सम्बन्धित सरकारहरूलाई दिन थालिएको पनि छ ।

नेपालको परिप्रेक्ष्यमा राष्ट्रको एकमात्र सरकारी ध्वजावाहक नेपाल वायुसेवा निगम (तत्कालीन शाही नेपाल वायुसेवा निगम)ले धेरै उतारचढावहरू बेहोरिसकेको छ, तैपनि यसले अहिलेसम्म आफ्नो अस्तित्वलाई कायम राख्न सफल रहेको छ। निगमको हाल अन्तर्राष्ट्रिय बजार हिस्सा ४० प्रतिशत रहेको भएता पनि यो दिनदिनै घट्दै जाने क्रममा रहेको छ । आन्तरिक सेवातर्फ भने यसको बजार सेयर घट्दै जानुमा नेपालमा अन्तर्राष्ट्रिय हवाई कम्पनीहरूको बढ्दो आगमन नै हो । तुलनात्मक रूपले पर्यटकहरूको आगमन पनि खासै बढ्न सकेको छैन । सरकारले ४० वटा मुलुकहरूसँग द्विपक्षीय हवाई-सम्झौता गरिसकेको छ र त्यसबाट करिब १० लाख हवाई-सिट नेपाललाई उपलब्ध हुन्छ । तर, ती सिटहरू नेपालले प्रयोग गर्न सकेको छैन। नेपालको पर्यटन-विकासका लागि यो असक्षमता अत्यन्त महँगो हुन पुगेको छ ।




निजी हवाई कम्पनीहरूसँग नेपाल वायुसेवा निगमको समन्वय, सरकारी स्वामित्वका संस्थानहरूको निजीकरण र विदेशी कम्पनीहरूसँग निगमको सम्बन्ध आदिका विषयमा उड्डयनसम्बन्धी सरकारी नीतिको अस्पष्टता र नीतिगत असन्तुलनले गर्दा पनि निगमको प्रगति हुन नसकेको भनाइ पनि सुनिँदै छ। वायुसेवामा एकाधिकारको जमाना हराउँदै गएको र साझेदार वायुसेवातर्फ ध्यान जान थालेको परिप्रेक्ष्यमा यी कुरालाई समायोजन गराउँदै ठूला परिवहनहरूसँगको गठबन्धनमा निगमले विशेष विचार पुर्‍याउनु वाञ्छनीय देखिन थालेको छ। निगमको पुनःसंरचना गरी नागरिक उड्डयन नीतिलाई परिमार्जनसमेत गरेर त्यसै अनुरूप निगमको सञ्चालन हुने हो भने प्रतिस्पर्धात्मक विश्वबजारमा निगम पनि अरूभन्दा कम हुँदैन र नेपालको पर्यटन-प्रवर्द्धनमा यसले अझ महत्त्वपूर्ण भूमिका पूरा गर्न सक्छ।

## मनन्योग्य

### चाणक्य नीति

केही समयपछि आगामा मासु जलेको दुर्गन्ध आउन थाल्यो । मनुष्यमांस जल्नाले सबै उत्सुक भई यताउति हेर्थे तर त्यहाँ केही पनि देखिएन ।

अन्तमा चाणक्यले बताए तलको तहखानामा जसको हामीलाई थाहा थिएन राक्षसका सैनिक लुकेका थिए । रातमा हमला गर्ने उनीहरूको योजना थियो ।

चन्द्रगुप्तलाई वास्तविकताको ज्ञान भएपछि अत्यन्त ग्लानि भयो। तर, चाणक्यले सबै जान्दछन् जस्तो भई भने- 'राजाले हरपरिस्थितिमा शान्त रहनुपर्छ। यदि राजाले आफ्नो विवेक हराउँछ भने त्यसबेला उसले आफ्नो र राज्यको हानि (क्षति) गराउछ ।

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए । चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए । यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो । गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो । यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए । चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक । साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन ।'

'त्यो स्याललाई हामीले अभयदान दिएका थियौं । फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस । हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् । अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो । क्रमशः

## पत्र-मञ्जुषा

### दाहाल सरकारको तारिफयोग्य काम

सरकारले ललिता निवास प्रकरणको फाइल पल्टाउन थालिसकेको छ । ललिता निवासमा रहेको सरकारी जग्गा व्यक्तिको कायम गर्ने धन्दामा मुछिएका केही समातिएका छन् । तिनीहरूमाथि सरकारले अनुसन्धान अघि बढाइसकेको छ । यो सँगै सरकारले अब डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल, विष्णु पौडेल, विजय गच्छदारलगायतलाई पनि समात्नुपर्ने माग उठेको छ। यिनीहरूकै मिलोमतोमा सरकारी जग्गा व्यक्तिको नाममा गएको र यिनीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने जनताको माग छ । ललिता निवासको मात्र नभएर मुलुकभरका अधिकांश सरकारी, गुठी, सार्वजनिक र मठमन्दिरको जग्गा व्यक्तिको नाममा गइसकेको छ ।

सरकारको सम्पत्ति धमाधम व्यक्तिको नाममा लैजानुमा राजनीतिक दलकै मिलिभगत छ । मातातीर्थकै कुरा गरौं । बाबुराम भट्टराईले त्यहाँको सयौं रोपनी जग्गा व्यक्तिको नाममा पास गरिदिएका छन् । बालुवाटारको त गरिदियो, त्यतिले नपुगेर माधव नेपालले कालोपुलमा रहेको आठ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा पास गरिदिए । जग्गा दलालसँग मिलेर सरकारी जग्गा व्यक्तिको नाममा कायम गर्दै बेच्ने काम भएको छ । सरकारले अब जग्गा दलालीहरूलाई पनि पक्राउ गर्नुपर्छ । जग्गा दलालीलाई समात्नेबित्तिकै कसको मिलोमतोमा कहाँको जग्गा व्यक्तिको नाममा गयो ? भन्ने त ओकालिहाल्छन्। मुलुकका कानुन व्यवसायी पनि त्यस्तै भए ।

न्यायका लागि लड्नुपर्ने वकिलहरू नै दलाली बनिदिएका छन् । उनीहरूकै संलग्नतामा गुठी, ताल, पोखरी, मठमन्दिरको जग्गा दर्ता हुँदै आएको छ । सरकारी कर्मचारीहरू त झन् सरकारी सम्पत्तिमा 'साप' बनेर बसेका छन् । सरकारी सम्पत्ति जोगाउने होइन, सिध्याउनेतर्फ सरकारी कर्मचारी लागिपरेका छन् । नक्कली मोही खडा गरेर सरकारी जग्गा दर्ता गर्नेलगायतका गैरकानुनी काम भएका छन् । सरकारी कर्मचारीहरू दाम आउने भएपछि जस्तो पनि काम गर्ने ? जग्गा दलाली, राजनीतिक दल, कानुन व्यवसायी, सरकारी कर्मचारी एकजुट भएर यो काम गरेका हुन् । सुकुम्बासीको नाममा पनि धेरै सरकारी जग्गा हिनामिना भएको छ ।

सत्तामा जाने नेतृत्वले भोटको प्रलोभनमा धमाधम सरकारी जग्गा बाँड्यो। जग्गाको लोभमा परेर अधिकांश नक्कली सुकुम्बासी बने । सुकुम्बासीको नाममा हुकुम्बासीहरूले सरकारी सम्पत्ति दोहन गरे। तर, सरकारलाई कुनै मतलब नै छैन । अझै पनि लालपुर्जा बाँड्ने होडमा छ सरकार । अहिले त जो हेर्‍यो, सरकारी सम्पत्ति कब्जा गर्नेमात्र छन् । जनप्रतिनिधिहरूले नै सरकारी सम्पत्ति अतिक्रमण गरेको घटनाहरू निरन्तर बाहिर आइरहेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले व्यक्तिको नाममा गएको जग्गा फिर्ता ल्याउनुपर्छ । यसका लागि सरकारसँग दुईटा उपाय छ । पहिलो: २०२१ साल पछाडि दर्ता भएका सरकारी, गुठीका जग्गाहरू छानबिन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुपर्‍यो। दोस्रो: ती जग्गाको नामसारी रोकिदिनुपर्‍यो ।

छानबिन गर्दा कहाँ-कहाँको जग्गा हिनामिना भएको छ ? यो त 'दूधको दूध, पानीको पानी' भइहाल्छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारको भूमिसुधारमन्त्री पद्म अर्यालले जग्गा वर्गीकरणको प्रक्रिया अघि बढाइन् । साथै, उनले बालुवाटारको जग्गा छानबिन गर्ने भनेर निर्णय गरिन्। मुलुकभरका सरकारी सम्पत्ति सरकारकै नाममा फिर्ता ल्याउनका लागि उनले कमिटी गठन गरिन् । मठमन्दिर, गुठी, तालपोखरी, सरकारी र सार्वजनिक जग्गा सरकारकै नाममा ल्याउनुपर्छ भनेर अघि बढेकी उनी केही ठाउँमा सफल पनि भइन् । ओली सरकार हटेपछि धेरै भूमिसुधारमन्त्री आए र गए । तर, कसैले सिन्को भाँचेनन् ।

नेकपा माओवादी केन्द्रबाट भूमिसुधारमन्त्री बनेकी शशी श्रेष्ठले भने जग्गा वर्गीकरणको प्रक्रियालाई अघि बढाइन् । साथै, उनले जग्गाको कित्ताकाट पनि रोकिदिइन् । तर, अहिलेको भूमिसुधारमन्त्री रञ्जिता श्रेष्ठ चौधरी जसरी हुन्छ, सरकारी जग्गा सिध्याउनतर्फ लागिपरेकी छन्। जग्गाको कित्ताकाट खोलिसकेको छ। अब खेतीयोग्य जमिनमा डोजर चल्छ। गरिखाने ठाउँमा कंक्रिट ठडिन्छ। यता, उनले सुकुम्बासी भनिएका 'हुकुम्बासी'हरूलाई जग्गा बाँड्ने घोषणा गरेकी छन् । अलिअलि बाँकी भएको सरकारी सम्पत्ति पनि उनले दाउमा हालिदिएकी छन् ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले पद्म अर्यालले बनाएको फाइल बन्द गरेर दराजमा थन्क्याइदिएको थियो । दाहाल सरकारले खोल्यो । यसको श्रेय भने अर्याललाई नै जान्छ । उनले बालुवाटारको जग्गा खोतल्नुपर्छ भनेर आफ्नै कार्यकालमा काम अघि बढाइसकेकी थिइन् । तर, सरकार ढल्नेबित्तिकै उनी हटिन्। अर्को नेतृत्वले उक्त कामतर्फ ध्यान नै दिएन । ओली सरकारमा गृहमन्त्री रामबहादुर थापा थिए । उनले त्यतिबेला ललिता निवास प्रकरणका दोषीहरूलाई समातेर जेल हाल्न सकेको भए २०७९ सालको चुनावमा नेकपा एमाले पहिलो पार्टी हुन्थ्यो । तर, ओली विष्णु पौडेललाई बचाउनतर्फ लागिपरे । त्यसैले उनी यो विषयमा चुपचाप रहे । यो प्रकरणमा धेरै जना तानिन्छन्। दाहाल सरकारको काम अहिले वाहवाहीको लायक छ ।

उनले यो प्रकरणका दोषीहरूलाई जेल हाल्न सके भने अर्को चुनावमा माओवादी पहिलो पार्टी बन्छ । जसले विरोध गर्छ, त्यसको त अस्तित्व नै सिद्धिन्छ । सरकारी सम्पत्ति व्यक्तिको नाममा लैजानु सानो विषय होइन । भुटानी शरणार्थी काण्डका दोषीहरूलाई त प्रचण्ड सरकारले जेल कोचिहाल्यो । अब पालो ललिता निवासको सरकारी सम्पत्ति हिनामिना गर्नेहरूको हो । उनी यिनीहरूलाई कारबाही गर्न अघि बढेका छन्। पुष्पकमल दाहालको काम तारिफयोग्य हो, यसैगरी भ्रष्टाचारी खोताल्दै जाने हो भने अन्य पार्टीका कार्यकर्ताले समेत माओवादीलाई साथ दिन्छ । भ्रष्टाचार नियन्त्रणतर्फ मुलुक अघि बढ्छ ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठले यति काम गर्ने आँट गरेका छन् । पद चलाउने व्यक्तिले हो । पदमा पुगेपछि कसरी अघि बढ्ने भन्ने कुरा व्यक्तिको हातमा छ । फूलमाला लगाएर समय बिताउने कि काम गरेर यो त आफैंले बुझ्नुपर्ने कुरा हो । एउटा सानो कोसिसले पनि व्यक्तिलाई धेरै माथि ल्याउँछ । त्यसका लागि समयअनुसार निर्णय गर्न जान्नुपर्छ । राम्रो काम गर्नेलाई जनताले उपहार दिन्छन्, नगर्नेलाई सजाय । २०७४ सालको चुनावमा ओलीलाई सिंहदरबार पुर्‍याउने जनता नै हुन् । सिंहदरबार प्रवेश गर्न रोक लगाउने पनि जनता नै हुन् । अब सबैले के बुझ्नुपर्छ भने जनताले काम हेर्छन्, भाषण होइन ।


*- अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**सडकमै सामूहिक नमाज** | मुस्लिम धर्मावलम्बीहरूको दास्रो ठूलो पर्व ईद उल अजहा (बकर ईद) को अवसरमा नेपालगञ्जको इदगाहमा ठाउँ अपुग भएर सडकमै सामूहिक नमाज पढ्दै मुस्लिम समुदाय । *तस्बिरः रासस*

# जहाँ घरघरमै पुगेर सेवा दिन्छन् स्वास्थ्यकर्मी

**कमलामाई (सिन्धुली)–** उमेर ढल्कियो । तन्नेरी रसरङ सकियो । श्रीमान् १० वर्ष पहिल्यै बिते । सन्तान र आफन्तको साथ भएन । बुढ्यौलीले गलेको शरीर अनेक रोगले थलियो । यो वास्तविक भोगाइ सिन्धुलीको सुनकोसी गाउँपालिका-१ की ९६ वर्षीया ठूलीमाया घिसिङको हो ।

घचाम्पाटार सामुदायिक स्वास्थ्य एकाइ प्रमुख तथा अहेव विनाकुमारी यादव उनको घरमा पुग्दा पेटीमा गुन्द्री ओछ्याएर सुतिरहेकी थिइन् । मयलले कट्कटिएको वस्त्र र शरीरबाट दुर्गन्ध आइरहेको थियो । रोगले शिथिल भएको शरीर वरिपरि झिँगा भन्किरहेका थिए ।

स्वास्थ्यकर्मी यादवले बिरामी ठूलीमायाको स्वास्थ्य जाँच गरे । उनलाई रोगले मात्रै होइन, भोकले पनि कमजोर बनाएको रहेको छ । सामान्य बिरामी र दीर्घरोगीहरूलाई खुवाउने औषधि तथा स्वास्थ्य जाँचका लागि आवश्यक पर्ने आधारभूत स्वास्थ्य सामग्री बोकेको झोलामा भोक मेटाउने औषधि थिएन । न त थियो, फेराइदिने सुकिलो लुगा । काइँयो खोजेर कपाल भने कोरिदिए । सफा भएर बस्न सुल्झाए । ज्वरो र पखालाले सिकिस्त भएकी ठूलीमायालाई औषधि दिएर उनी अरू घरका बिरामीको स्वास्थ्य जाँच तथा उपचारमा लागे ।

घिसिङटोलकै असलीमाया मोक्तानकी सासूआमा ६८ वर्षीया माया मोक्तानलाई बाहिर-भित्र गर्नसमेत समस्या छ । बिरामी परिरहने उनलाई उपचारका लागि कुशेश्वर दुम्जा स्वास्थ्य चौकी प्रमुख तथा सिनियर अहेव पियारी मोक्तान आउँछिन् । बेलाबेलामा फोन गरेर पनि उनको स्वास्थ्य अवस्था बुझ्ने गरेको असलीमायाले सुनाइन् । उनले भनिन्, 'सासूआमा हिँड्डुल गर्न सक्नुहुन्न । बिरामी परिरहनुहुन्छ । नजिकै भनेको स्वास्थ्य एकाइ पुग्न पनि दुई घण्टा लाग्छ । सवारीसाधनको सहज सुविधा नहुँदा डोकोमा बोकेर लैजाने गरेको थियौं, अहिले त वडाले बेलाबेलामा स्वास्थकर्मी घरघरमै पठाउने वा फोन गरेर बिरामीको स्वास्थ्य अवस्था बुझ्न लगाउने गरेकाले सजिलो भएको छ ।'

घरभित्र-बाहिर गर्ने क्रममा लडेर ९२ वर्षीय बुद्धिमान मोक्तानको दाहिने आँखामा गहिरो चोट लाग्यो । त्यो बेला उनको सन्तान साथमा कोही थिएनन् । स्वास्थ्यकर्मी पियारी नै उनको सन्तान बनेर पुगिन् । घाउमा टाँका लगाइदिइन् । घाउ निको बनाउन मल्हम दिइन् । सरसफाइ राख्न र कुनै समस्या आए सम्पर्क गर्न भनेर उनी अरु बिरामीको सेवामा खटिइन् ।

कुशेश्वर दुम्जा स्वास्थ्य चौकी प्रमुख तथा सिनियर अहेव पियारीका अनुसार सुनकोसी गाउँपालिका-१ को वडा कार्यालयले हप्ताको एक पटक गाउँघर क्लिनिकअन्तर्गत टोलटोलमा प्राथमिक उपचार तथा सहायता कक्षा स्थापना गरेर सेवा प्रवाह गर्दै आएको थियो । सोही कार्यक्रमलाई थप प्रभावकारी बनाउन हप्ताको एक पटक घरघरमा पुगेर सेवा दिन थालिएको छ । गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला वा पुरुष र अपांगता भएकाहरूलाई लक्षित गरेर घरमै पुगेर स्वास्थ्य सेवा प्रवाह गर्न थालिएको उनले बताइन् ।

'हामी घरघरमा पुगेपछि आवश्यकताअनुसार सबैले सेवा लिनुहुन्छ । यो सेवाको विशेष लाभग्राही गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला वा एकल पुरुष र अपांगता भएकाहरू नै हुनुहुन्छ, उनहरूको हकमा वडाको यो अभियान निकै प्रभावकारी देखिएको छ,' उनले भने । वडा कार्यालयभित्र स्वास्थ्य चौकी एक र सामुदायिक स्वास्थ्य एकाइमा गरी तीन अहेव र तीन अनमी कार्यरत छन् । घुम्ती शिविरमा उनीहरू पालैपालो प्रत्येक शुक्रबार दुई/दुई जना बाँडिएर घरघरमा सेवा दिन जाने गरेका छन् । गत फागुनदेखि सुरु गरिएको यो सेवा हालसम्म २९७ जना बिरामीले लिइसकेका छन् ।

स्थानीय तहको गत निर्वाचनमा वडाध्यक्षको पदका लागि मत माग्न घरदैलो गर्ने क्रममा विविध कारणले स्वास्थ्य संस्थासम्म पुग्न नसकेका बिरामीहरू प्राथामिक उपचार पाउनबाट समेत वञ्चित भएका, सामान्य बिरामी हुँदा समयमै उपचार नपाएर ठूलो जोखिममा रहेकालगायतका समस्या बाक्लै देखेकाले सुनकोसी गाउँपालिकामै पहिलोपटक आफ्नो वडाले यस प्रकारको सेवा प्रवाहमा जोड दिएको वडाध्यक्ष रामकुमार श्रेष्ठले बताए ।

दक्ष चिकित्सक तथा गुणस्तरीय स्वास्थ्य संस्थाको अभाव रहेको हाम्रो जस्तो क्षेत्रमा स्थानीय रूपमा उपलब्ध हुनसक्ने र क्षमताअनुसारको स्वास्थ्य सेवा सहजरूपमा प्रवाह गर्ने प्रयास भएको उनको भनाइ छ । वडा कार्यालयको पहल तथा प्रयासमा उपलब्ध भएको घुम्ती शिविर सेवाले वडाबासीमा स्थानीय सरकार र जनप्रतिनिधिप्रति सकारात्मक भावना जगाएको छ ।

वडावासी ठूलबहादुर मोक्तान स्वास्थ्यकर्मीले घरघरमै पुगेर स्वास्थ्य परीक्षण र औषधि वितरण गर्नुले स्थानीय सरकारप्रति भरोसा बढेको बताए । 'आफैं स्वास्थ्य संस्था धाउन नसक्ने दीर्घरोगी र अशक्त नागरिकलाई सेवा दिन वडाले औषधिसहित स्वास्थ्यकर्मी घरघरै पठाउन थालेको कुराले खुसी लागेको छ,' उनले भने । सुनकोसी गाउँपालिकामा सात वटा वडा छन् । हप्ताको एक पटक अनिवार्य घुम्ती शिविरमार्फत स्वास्थ्य सेवा प्रवाह गर्ने वडा नम्बर १ पहिलो वडा हो । *रासस*

# सामुदायिक विद्यालयमा नर्स कार्यक्रम

**गण्डकी–** पोखरा महानगरपालिकाले सामुदायिक विद्यालयमा 'विद्यालय नर्स' कार्यक्रम सुरु गर्ने तयारी गरेको छ । महानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेटमा सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सुरुआत गर्न र समग्र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले बताइन् ।

महानगरअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि १६ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । स्वास्थ्य संस्थामा रोग लाग्नबाट बचाउन निदानात्मक सेवा सञ्चालन भइरहेको र आगामी आव जनसंख्या तथा भूगोलका आधारमा छनोट भएका विभिन्न चार स्वास्थ्य संस्थामा यस्तो सेवा प्रवाह गर्न आवश्यक बजेट विनियोजन गरिएको उनले बताइन् । करिब ९८ प्रकारका निःशुल्क औषधि वितरणका लागि महानगरपालिकाले औषधि खरिद तथा आपूर्ति गर्दै आइरहेको र अत्यावश्यक औषधि नियमित आपूर्तिको सुनिश्चितता गर्न पर्याप्त बजेट विनियोजन गरिएको महानगरपालिकाले जनाएको छ । महिलाका लागि स्वास्थ्य जोखिम मानिएको प्रजनन स्वास्थ्य, आङ खस्ने समस्या, स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन तथा आमा एवं शिशुका लागि पोषण व्यवस्था गर्न बजेटको व्यवस्था गरिएको उपप्रमुख गुरुङले बताइन् ।

सहरी क्षेत्रमा नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दो रहेको यस्तो प्रकोप जोखिम न्यूनीकरण गर्न स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको उनले बताइन् । महिला स्वयंसेविकाको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमका लागि एक करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । नेपाल सरकारले तोकेको मापदण्डबमोजिम विभिन्न स्वास्थ्य संस्थासम्बन्धी पूर्वाधार निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको जनाइएको छ । महानगरको एकमात्र शिशु अस्पतालमा विशेषज्ञ सेवा थप गर्न र मिर्गौला रोगको डायलायसिस सेवा आरम्भ गर्न एक करोड एवं कोभिड-१९ लगायत सरुवा रोग, महामारी नियन्त्रण, विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको जनाइएको छ ।

महानगरपालिकाको समग्र स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्न र जनस्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न संघीय कार्यक्रमसहित कुल ३५ करोड ५६ लाख रूपैयाँ बजेट प्रस्ताव गरिएको उपप्रमुख गुरुङले बताइन् । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARIA STEAKCAFE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287658 | चलानी नं. ६०२०३१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Crew | 2 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAN KOK LEYONG NURSERY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 269515 | चलानी नं. ६०१८५३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 45 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Swift H.R. Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASLEE EXPRESS SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/०४/२२ | पुर्व स्वीकृति मिति २०८०/०३/१४ | LT No :268881 | चलानी नं. ६०१८५२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHOLE SALE & RETAIL SHOP WORKER | 63 | 0 | 1500 | ४२३२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते ९ठतज ञ्गथि। द्दण्द्दघ० मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KML DETAILING SRL

पूर्व स्वीकृति मिति २०७८/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 249136 | चलानी नं. ६०१६६०३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 10 | 0 | 550 | ७२,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Workers | 2 | 0 | 550 | ७२,१२५ | | | | | | | |
| 3 | General Worker | 1 | 0 | 550 | ७२,१२५ | | | | | | | |
| 4 | Room Attandants | 9 | 0 | 650 | ८५,२४० | | | | | | | |
| 5 | Waiters/waitresses | 5 | 0 | 650 | ८५,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ४०,०००


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**All-Solution Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079
E-mail : info@allsolution.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE ARCHITECTS FOUNDATION FOR PROJECTS

पूर्व स्वीकृति मिति २०७९/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 274024 | चलानी नं. ६०१८९७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WARISAN PERKASA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०३/०४ | LT. No. 288124 | चलानी नं.६०२०३४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 28 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LB ALUMINIUM BERHAD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 270241 | चलानी नं. ६०१८६०४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 26 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

# प्रभाव दैनिक





## नेपाली सामाजिक कथामा बन्यो 'केशरी'

रघुजी फिल्मसको ब्यानरमा सामाजिक कथामा टेलिसिरियल 'केशरी' निर्माण भएको छ। निर्माण युनिटले सिरियलको टिजर सार्वजनिक निर्माण जानकारी दिएको हो। टिजरमा नारी सेन्टिमेन्टलाइ देखाउन खोजिएको छ। सिरियलमा टाइटल भूमिका अर्थात 'केशरी' को रोल आशा भुषालले निर्वाह गरेकी छन्। थुप्रै चलचित्र, म्युजिक भिडियो तथा टेलिचलचित्रमा काम गरिसकेकी आशाको 'केशरी' को टिजरमा रहेको अभिनय जीवन्त देख्न सकिन्छ। उत्तम अधिकारीको लेखन तथा निर्देशन रहेको सिरियल नेपाल नेटवर्क टेलिभिजनबाट आगामी साताबाट प्रत्येक सोमवार साँझ ७ बजे प्रशारण हुनेछ।




शुक्रबार, १५ असार २०८० (Friday, June 30, 2023)


## मेरी जुनकीरीमा प्रेमको अभिनय




**काठमाडौं (प्रस)**– सफल सांगीतिक जोडीको रूपमा परिचित लोकप्रिय गायक तथा सर्जक किरणबाबु पुन र गायिका टिका पुनको आवाजमा 'मेरी जुनकीरी' बोलको सुमधुर लोक दोहोरी गीत सार्वजनिक भएको छ।

राजधानीको सामाखुसी स्थित बर्गर हाउसमा उक्त गीतका गायक, गायिका, अभिनेता, अभिनेत्री, निर्देशक, छायांकार लगायतका अन्य चर्चीत कलाकारको उपस्थितिमा औपचारिक रूपमा कार्यक्रमको आयोजना गरि गीत सार्वजनिक गरिएको हो। गीतमा लोक दोहोरी क्षेत्रमा फरक शैली अपनाएको गायक तथा सर्जक किरणबाबु पुनले बताए।

किरणबाबुको शब्द/संगीत रहेको गीतमा कुमारसानु पुनले संगीत संयोजन गरेका छन्। गीत शंकरा रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो। सिर्जन बरालको निर्देशन रहेको उक्त गीतको भिडियोमा मोडल प्रेम थापा र चाहाना श्रेष्ठको अभिनय रहेको छ।

राम केसीको छायांकन रहेको उक्त गीतको भिडियोलाई राजकुमार मगरले भिडियो सम्पादन गरेका हुन्। बाग्लुङ जिल्लाको मनोरम ठाउँमा छायांकन गरिएको उक्त गीत किरणबाबुको अफिसियल युटुब च्यानल मार्फत सार्वजनिक गरिएको हो।

# कमेडी शोमा प्रसारित सामग्रीप्रति गन्धर्व सांस्कृतिक कला संगठनको आपत्ति

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको कार्यक्रम 'कमेडी क्लब विथ च्याम्पियन्स'मा गन्धर्व समुदायमाथि सिर्जना गरिएको पात्रप्रति गन्धर्व सांस्कृतिक कला संगठनले आपत्ति जनाएको छ। संगठनले बिहीबार विज्ञप्ति जारी गर्दै उक्त कार्यक्रममा सिर्जना गरिएको पात्रले सिंगो गन्धर्व समुदायको आत्मसम्मानमा चोट पुऱ्याएको जनाएको छ।

'गन्धर्व पात्रको भूमिका निभाउने कलाकारले गन्धर्व समुदायको मौलिकता, कला, संस्कृति, पेशा र सारंगीको प्रयोग र भाषा अमर्यादित ढंगले प्रस्तुत गरिएको हुँदा उक्त दृश्यमाथि हाम्रो आपत्ति छ,' संगठनका महासचिव अनिल गन्धर्वद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अतः उक्त कार्यक्रममा प्रस्तुत गरिने गन्धर्व पात्र र सारंगी प्रयोगको प्रसारणलाई तत्काल रोकी सम्पूर्ण शृंखलाबाट सो पात्रको भिडियो हटाई सार्वजनिक रूपमा माफी माग्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं। त्यसो नगरिएको खण्डमा कानुनी सहायता लिई अघि बढिने कुराको समेत जानकारी गराउँछौं।'



संगठनका महासचिव गन्धर्वले उक्त शोका धेरैवटा एपिसवठमा गन्धर्व समुदायको आत्मसम्मानमा चोट पुऱ्याउने खालका प्रस्तुति आइरहेको र सचेत गराउँदा पनि अटेर गरेकाले बाध्य भएर सार्वजनिक रूपमा विरोध जनाउनुपरेको बताए।

पछिल्लोपटक कमेडी क्लब विथ च्याम्पियन्सको ६७ औं भागमा कलाकार पवन भट्टराईले सारंगीवादक पात्रको रूपमा प्रस्तुति दिएका थिए। उक्त कार्यक्रमका प्रस्तोता तथा निर्देशक विशाल भण्डारी हुन्। कार्यक्रम नेपाल टेलिभिजनका साथै ओएसआर डिजिटल युट्युब च्यानलबाट प्रसारण हुँदै आएको छ।

# चलचित्र 'परस्त्री' प्रदर्शनमा

**काठमाडौं (प्रस)**– नेपाली चलचित्र 'परस्त्री' नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आएको छ। प्रायः शुक्रबार नयाँ चलचित्र प्रदर्शन हुने गरे पनि विशेष कारणले बिहीबार नै प्रदर्शन गरिएको निर्देशक सुरज पाण्डेले जानकारी दिए। 'हामीले बिहीबारबाटै प्रदर्शनमा ल्याउने निर्णय गरेका हौं। नेपालमा नेपाली र भारतमा हिन्दी भाषामा चलचित्र प्रदर्शन भइरहेको छ', उनले भने।

चलचित्र 'परस्त्री' का वितरक करण श्रेष्ठले एक दिन अगाडि प्रदर्शन हुने विषयमा चलचित्र भवनले प्रचार गरिसकेको जानकारी दिए। उनले भने, 'विदेशी चलचित्रसमेत बिहीबार नै आउँदैछ।



त्यसैले हामीले पनि यहीँ समय रोजेका हौं।'

चलचित्रमा कोसिस क्षेत्री, शिल्पा मास्के, गौरव विष्ट, एलिसा क्षेत्री, अशान्त शर्मा, गीत विष्ट, रामबाबु रेग्मी, सरस्वती अधिकारी, अर्पित न्यौपानेलगायतले अभिनय गरेका छन्। निर्देशक दीपेन्द्रकुमार खनालको लेखन रहेको उत्तल चलचित्रलाई काठमाडौंमा करण श्रेष्ठ र मोफसलमा अशोक शर्माले वितरण गरेका हुन्।

बुधबार साँझ काठमाडौंमा आयोजित विशेष प्रदर्शनीमा चलचित्र हेर्ने कलाकर्मीले सकारात्मक प्रतिक्रिया दिएका छन्। 'चलचित्रकर्मीले दिनुभएको प्रतिक्रियाले हामी उत्साहित भएका छौं। अन्य दर्शकबाट आउने प्रतिक्रियाको प्रतीक्षामा छौं', लेखक खनालले भने। सो चलचित्रलाई शर्मिला पाण्डेले निर्माण गरेकी हुन्।

## चलचित्र कलाकार संघको उपाध्यक्षमा डीबी बम्जन मनोनीत



**काठमाडौं (प्रस)**– चलचित्र कलाकार संघको उपाध्यक्षमा डीबी बम्जन मनोनीत भएका छन्। बिहीबार बसेको संघको कार्यकारी समिति बैठकले बम्जनलाई उपाध्यक्षमा मनोनीत गरेको हो।

बैठकले संघको कार्यकारी सदस्यमा जयन्त रेग्मीलाई समेत मनोनयन गरेको अध्यक्ष मोहन निरौलाले जानकारी दिए। यो नियुक्तिसँगै चलचित्र कलाकार संघको कार्यसमितिले पूर्णता पाएको छ। २१ जनाको कुल कार्यसमिति हुने संघमा १७ जना निर्वाचित भएका थिए।

नेपाली फिल्ममा खलपात्रको अभिनयबाट चर्चित बम्जनले 'धुवाँ यो नशा'बाट अभिनय करियर थालेका थिए। उनले रेलीमाई, हिरो रिटर्न्स, रुमालै छ चिनो, छिरिङ लगायत फिल्म अभिनय गरेका छन्।



## 'यस्तै हो लाइफ' १५ असारबाट

**काठमाडौं (प्रस)**– नेपाली वेब सिरिज 'यस्तै हो लाइफ' असार १५ बाट पहिलो एपिसोड प्रिमियर हुने भएको छ। 'स्टुडियो आकार' यूट्युब च्यानलमार्फत् आइरहेको सिरिजमा करिअरको खोजीमा रहेका ६ जना मित्रहरूको दिनचर्याको कथा समेटिएको छ। उनीहरू बीचको मित्रता, प्रेम तथा आत्मखोजको कथा यसमा छ।

सिरिजका निर्देशक इलम दीक्षितका अनुसार 'यस्तै हो लाइफ' काठमाडौंका नयाँ पुस्ताको कथा हो। सिरिज आठ एपिसोडको हुनेछ। सबै एपिसोड एक साताभित्र अपलोड गरिने निर्देशक दीक्षितले बताए। निर्देशक दीक्षित र सानिया शाहले सिरिजको लेखन गरेका हुन्। सिरिजमा मेनुका प्रधान, दिव्य देव, सिर्जना रेग्मी, नम्रता सापकोटा, अमोद भट्ट र स्मिथ तामाङको मुख्य भूमिका छ। यस्तै, रमा थपलिया, लूनिभा तुलाधर र समीरमणि दीक्षित अतिथि कलाकारको भूमिकामा छन्। सिरिजका डीओपी श्याम तामाङ हुन् भने सम्पादन तुषार तण्डुकारले गरेका छन्



# खेलकुद विकासका लागि प्रतिबद्ध : लिम्बू

■ प्रभाव संवाददाता

**काठमाडौं**– युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले खेलकुदको विकासका लागि आफू निरन्तर लागि पर्ने प्रतिवद्धता जनाएका छन्। मन्त्री लिम्बूले अहिलेको बजेटमा युवा तथा खेलकुद क्षेत्रको बजेट घटे पनि आफू नआत्तिएको बताए। आफूले युवा र खेलकुदको क्षेत्रमा केही गर्नकै लागि यो मन्त्रालय रोजेको प्रष्ट पार्दै ढिला गरी आफू मन्त्री नियुक्त हुँदा भनेजस्तो गरी कार्यक्रम र बजेट भने नआएको बताए।

नेपाल लोकतान्त्रिक खेलकुद संघको पहलमा मन्त्री निवास पुल्चोकमै विभिन्न खेलकुद संघका पदाधिकारीलाई भेटका क्रममा मन्त्री लिम्बूले सो कुरा बताएका हुन्।

सो अवसरमा लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र शेरचन, अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, एथ्लेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाहलगायतले खेलकुदको पछिल्लो अवस्थाबारे अवगत गराएका थिए।



### एसिसी मेन्स यू-१६ ईस्ट रिजन

# नेपाल र मलेसिया आज भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं**– मलेसियामा जारी एसिसी मेन्स यू-१६ ईस्ट रिजनको दोस्रो खेलमा आज (शुक्रबार) नेपालले मलेसियासँग खेल्दै छ।

मलेसियाको बांगीमा रहेको बायोमास ओभल क्रिकेट मैदानमा खेल नेपाली समय अनुसार शुक्रबार बिहान सवा ७ मा सुरु हुनेछ।

बुधबार भएको आफ्नो पहिलो खेलमा थाईल्यान्डलाई हराउँदै नेपालले सेमिफाइनलमा स्थान बनाईसकेको छ। मंगलबार नै थाईल्यान्डलाई पराजित गरेको मलेसियाले पनि सेमिफाइनलमा स्थान बनाईसकेको छ। नेपालले २ सय २५ तथा मलेसियाले १ सय १८ रनको जित हात पारेका थिए।

शुक्रबार हुने खेलको विजेता टोली समूह ए को विजेता बन्नेछ। पराजित टोलीले उपविजेताको रूपमा सेमिफाइनलमा स्थान बनाउने छन्।

समूह बीबाट सिंगापुर र हङकङबीच शुक्रबार नै हुने खेलबाट विजेता र उप विजेताको टुंगो लाग्नेछ।

सेमिफाइनल खेलमा समूह ए को विजेताले समूह बी को उपविजेतासँग र समूह बी को बिजेताले समूह ए को उपविजेतासँग खेल्नेछ। शनिबार दुवै सेमिफाइनल खेल हुनेछ।

### प्रधानमन्त्री कप खुला राष्ट्रिय ब्याडमिन्टन

# प्रिन्स र विजितको जोडी दोस्रो चरणमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– एपिएफका प्रिन्स दाहाल र विजित थापा मगरको जोडी तेश्रो प्रधानमन्त्री कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताको पुरुष युगलमा दोश्रो चरण प्रवेश गरेका छन्।

दाहाल र मगरको जोडीले बनेपाका सानु बाबु गोले र किरण थापाको जोडीलाई २१-८, २१-९ले पराजित गर्दै दोश्रो चरणमा स्थान बनाएका हुन्। यस्तै नेपाल पुलिसका जीवन आचार्य र बिष्णु कटुवालको जोडी तथा सुनिल जोशी र अनिष श्रेष्ठको जोडीले पनि दोश्रो चरणमा स्थान बनाए। आचार्य र कटुवालको जोडीले नखिपोटका चित्र राई र राकेश राईको जोडीलाई २१-३, २१-१० ले तथा जोशी र श्रेष्ठको जोडीले दोलखाका रोशन श्रेष्ठ र सुजन सिटौलाको जोडीलाई २१-८, २१-११ ले पराजित गरे।

यस्तै पुरुष युगल तर्फ दोश्रो चरण प्रवेश गर्ने अन्यमा सेनाका प्रफुल महर्जन र रुकेश महर्जनको जोडी, एपिएफका प्रनिश सिंह ठकुरी र सुजन थापाको जोडी, एपिएफका भोज बहादुर गुरुङ्ग र बिशाल प्रधानको जोडी, कास्कीका बिधान अधिकारी र सेनाका पविन लिनथेपको जोडी, बालकुमारी रिमिक्सका दिप्रिस मुनि बज्राचार्य र सुमन शाक्यको जोडी, एपिएफका क्षितिज खनाल र अमन महर्जनको जोडी, नखिपोटका बिवेक कन्दङ्गवा र नेल्सन राईको जोडी जोडी पनि रहेका छन्।

महर्जन जोडीले टि.आई.बि.सी.का अरुण बलामी र सुबाश उलकको जोडीबाट वाक ओभर प्राप्त गरे। ठकुरी र थापाको जोडीले पिस फिटनेश सेन्टर रवी बिष्ट र कुनाल शाहको जोडीलाई २१-१३, २१-१४ ले, गुरुङ्ग र प्रधानको जोडीले हेमरिक क्लबका निशेष राज शाक्य र राकेश शाक्यको जोडी २१-१८, २१-१६ले, अधिकारी र लिनथेपको जोडीले उदयपुरका सरोज खवास र रूपेश राईको जोडीलाई २१-११, २१-१३, बज्राचार्य र शाक्यको जोडीले एस.बि.ए.का महेश खड्का र दीपक रानाको जोडीलाई २१-२३, २१-१९, २१-१८, खनाल र महर्जनको जोडीले पुलिसका हिरा बहादुर राई र जेनिस शेरचनको जोडीलाई २१-१८, २१-





१८ र कन्दङ्गवा र राईको जोडीले बनेपाका उपेन्द्र घिसिङ्ग र सत्य लामाको जोडीलाई २१-१२, २१-११ ले पराजित गर्दै दोश्रो चरण प्रवेश गरेका हुन्।

ललितपुरस्थित नखिपोट ब्याडमिन्टन सर्कलको कभर्डहलमा भएको प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका हिमाल चन्द र कविर के.सी.को जोडी नखिपोटका दुर्गा मगर र टेक मगरको जोडीलाई २१-१८, १५-२१, २१-१९, बालकुमारी रिमिक्स क्लबका ससिन डङ्गोल र सुमित महर्जनको जोडीले काभ्रेका अंकित भोछिभ्वय र बनेपाका सहज भोछिभ्वयको जोडीलाई २१-१२, २१-७, पिस फिटनेश क्लबका दशरथ बुढा र अनिल मल्लको जोडीले नखिपोटका इन्द्रजित लिम्बु र दिनेश राईको जोडीलाई २१-११, २१-१०, सेनाका नरेन्द्र बम र बिवेक चौधरीको जोडीले उदयपुरका जयराम राई र सुजन राईको जोडीलाई २१-११, २१-१४, एपिएफका देवराज राना र रोशन साउदको जोडीले नखिपोटका अभिनाश कार्की र भुवन पुन मगरको जोडीलाई २१-८, २१-१३, एपिएफका जोशेफ अधिकारी र सुमन लिम्बुको जोडीले मदनलाल ब्याडमिन्टन क्लबका आयुष श्रेष्ठ र अमन तामाङ्गको जोडीलाई २१-१८, २१-१७ ले पराजित गर्दै दोश्रौ चरण प्रवेश गरे।

पुरुष एकल तर्फ नेपाल पुलिसका बिष्णु कटुवालले जित हात पार्दै अन्तिम १६ मा स्थान बनाए। बिष्णुले एपिएफका सुजन थापालाई २४-२२, २१-१५ ले पराजित गरेका हुन्। बिष्णुको यो आज दोश्रो जित हो। उनले जीवन आचार्यसँग मिलेर पुरुष युगलमा पनि जित हात पारेका थिए। उनी चीनमा आयोजना हुने १९ औं एशियाली खेलकुदका लागि तेश्रो स्थानमा रहँदै छनोट भएका थिए। यस्तै अर्को खेलमा एपिएफका देवराज रानाले सेनाका अभय महरालाई २१-८, २१-१५ ले पराजित गरे।

यसैगरी एपिएफका भोज बहादुर गुरुङ्गले पुलिसका अविक श्रेष्ठलाई २१-११, २१-५, सेनाका प्रफुल महर्जनले पाल्पाका दिपम बज्राचार्यलाई २१-८, २१-९, एपिएफका रोशन साउदले मदनलाल ब्याडमिन्टन क्लबका अमन तामाङ्गलाई २१-१२, २१-९, पुलिसका पूर्ण बहादुर थापाले एपिएफका सुमन लिम्बुलाई २१-१८, २१-१५ र सेनाका पविन लिनथेपले एपिएफका विजित थापा मगरलाई २०-२२, २१-१७, २१-१० ले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाए।

ब्वाईज यु१३ तर्फ सि.वाई.सी.का सुशान्त प्रजापती, डि.बि.ए.का डियोन भण्डारी, बि.वाई.सी.का सदीप राई, एपिएफका आरुष सिमखडा, कपिलबस्तुका बिवेश बस्नेत, देवीनगरका प्रवल श्रेष्ठ, कैलालीका रियांश चौधरी, किर्तिपुरका समान्त बहादुर बज्राचार्य, सेनाका दीप थिङ्ग, आइ.बि.सी.एस.का प्रशान्त बुढाथोकी, सुहम कार्की, किर्तिपुरका सौर्य बिक्रम बिष्ट, आइ.बि.डि.सी.का अक्षत ढुङ्गेल, ब्राइट फ्युचर स्कुलका अंकित बस्नेत र सेनाका सुदेश राजकोटी पनि आआफ्ना बिपक्षीलाई पराजित गर्दै दोश्रो चरण प्रवेश गरे।



ईद अल-अधा प्रार्थना | भारतको नयाँदिल्ली स्थित एक मस्जिदमा ईद अल-अधाको प्रार्थना गर्दै मुस्लिम समुदायका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# अमेरिकामा गर्मीका कारण १७ जनाको मृत्यु

**ह्युस्टन–** अमेरिकाको दक्षिणी भागमा फैलिएको तातो हावाको लहरका कारण १७ जनाको मृत्यु भएको छ । वेब काउन्टी दक्षिणी टेक्सासमा, चिकित्सा परीक्षक डा. कोरिन स्टर्नले बुधबार जनाएअनुसार असामान्य गर्मीका कारण ६० वर्षभन्दा माथिका ११ जनाको मृत्यु भएको छ । 'यस्तो गर्मी हामीले यहाँ पहिले कहिल्यै अनुभव गरेका थिएनौं,' स्टर्नले भने, 'तापको प्रकोपबाट हुने मृत्युलाई दुर्घटनाका रूपमा लिइन्छ, र दुर्घटना, परिभाषाअनुसार, रोकथाम गर्न सकिने मृत्यु हुन् । यी सबै मृत्युलाई रोक्न सकिन्थ्यो ।'


यसैगरी फ्लोरिडाका १४ वर्षीय युवकको टेक्सासको बिग बेन्ड नेसनल पार्कमा शुक्रबार गर्मीका कारण उत्पन्न थकानका कारण मृत्यु भएको छ । त्यहाँको तापक्रम ११९ डिग्री फरेनहाइट ४८ डिग्री सेल्सियस) पुगेको थियो ।

यसैगरी अन्य पीडितमा उत्तरी टेक्सासका १७ वर्षीय पदयात्री, पूर्वी टेक्सासका युटिलिटी लाइनम्यान, डलासका हुलाक कर्मचारी र लुइसियानाको तटीय राज्यका दुई जना बासिन्दा रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

टेक्सास ट्रिब्युनको बुधबारको रिपोर्टले टेक्सासमा गर्मीको लहर आएदेखि ३० वर्षका दुई जना पुरुषसहित नौ जना कैदीको हृदयघात वा वातानुकूलित नभएको जेलमा अज्ञात कारणले मृत्यु भएको बताएको छ । *रासस/सिन्ह्वा*

न्युजिल्याण्डका प्रधानमन्त्रीले भने–

# चीनसँगको सम्बन्ध अतुलनीय



**बेइजिङ–** न्यूजिल्याण्डका प्रधानमन्त्री क्रिस हिप्किन्सले चीनसँगको सम्बन्ध न्युजिल्यान्डका लागि अतुलनीयरूपमा महत्त्वपूर्ण रहेको बताएका छन् । चीन भ्रमणमा रहेका क्रिसले बेइजिङमा आयोजित कार्यक्रममा बुधबार दुई देशबीच निकै रचनात्मक र सकारात्मक सम्बन्ध रहेको उनले बताएका छन् ।

सिन्ह्वाले सोधेको प्रश्नको उत्तर दिँदै, 'न्युजिल्यान्ड र चीन सम्बन्ध न्युजिल्यान्डका लागि अविश्वसनीयरूपमा महत्त्वपूर्ण' रहेको धारणा राखेका हुन् ।

'हाम्रो सम्बन्धलाई हामीसँग सम्झौता भएका क्षेत्र र हाम्रा साझा चासोद्वारा व्यापकरूपमा परिभाषित गर्न सकिन्छ,' उनले भने । कोभिड-१९ को महामारीबाट बाहिर निस्किँदै न्युजिल्यान्डले चीनसँग आर्थिक गतिविधि पुनःस्थापना गर्नु प्राथमिकतामा रहेको हिपकिन्सले बताएका छन् । उनले भने, 'चीन पहिले देखि नै न्युजिल्याण्डको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएकाले द्विपक्षीय व्यापारलाई अझ विस्तार गर्ने आशा राखेको छ ।'

चीनसँगको व्यापारको दायरा विस्तार गर्ने सम्भावनाको बारेमा उत्साहित हुँदै उनले भने, 'द्विपक्षीय शिक्षा सम्बन्ध धेरै राम्रो रहेको र दुई देशबीचको शिक्षा सहयोगलाई थप बढावा दिन तत्पर रहनुपर्छ जसबाट दुवै देश लाभान्वित हुन सकून् ।'

'हामी विश्वमा उत्कृष्ट पर्यटकीय अनुभव प्रदान गर्दछौं । हामीसँग सुन्दर देश छ र हामी विश्वभरका मानिससँग साझेदारी गर्न चाहन्छौं,' हिपकिन्सले भने, 'चिनियाँ पर्यटकको संख्या देखेर हामी धेरै उत्साहित छौं, यो संख्या निरन्तर बढ्दै गएको छ ।'

प्रधानमन्त्री हिपकिन्स जुन २५ देखि ३० सम्म चीनको भ्रमणमा छन् । यस अवधिमा उनले उत्तरी चीनको बन्दरगाह सहर टियाङ्जिनमा समर डाभोस फोरम भनेर चिनिने नयाँ च्याम्पियनको १४औं वार्षिक बैठकमा भाग लिँदै छन् । रासस/सिन्ह्वा

# श्रीलंकामा घरेलु ऋण पुनर्संरचना योजना अनुमोदन

**कोलम्बो–** श्रीलंकाको मन्त्रिपरिषद्ले बुधबार घरेलु ऋण पुनर्संरचनाको योजना स्वीकृत गरेको राष्ट्रपतिको मिडिया डिभिजन (पिएमडी)ले जनाएको छ ।

घरेलु ऋण पुनर्संरचना कार्यक्रम अर्थ मन्त्रालयले प्रस्ताव गरेको र मन्त्रिपरिषद्को विशेष बैठकले सर्वसम्मतिले स्वीकृत गरेको पिएमडीले बताएको छ ।

श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले ऋण पुनर्संरचना प्रक्रियाले बैंकिङ प्रणालीको स्थायित्वमा असर नगर्ने बताएका छन् । अर्थ राज्यमन्त्री रञ्जित सियाम्बलापिटियाले यसअघि संसद्मा घरेलु ऋणको पुनर्संरचना गर्दा स्वदेशी ऋणीले लगानीमा पनि घाटा ब्यहोर्न बाध्य नहुने बताएका थिए । सियामबालापिटियाले ऋणमा अल्पकालीन रोक, ब्याज घटाउने र भुक्तानीमा ढिलाइ पनि घरेलु ऋणको पुनर्संरचना गर्ने उपाय हुनसक्ने बताएका छन् ।

श्रीलंकाले अप्रिल २०२२ मा विदेशी ऋण तिर्न निलम्बनको घोषणा गर्‍यो, जब यो स्वतन्त्रतापछिको सबैभन्दा खराब वित्तीय संकटबाट प्रभावित भएको थियो । श्रीलंकाले यसअघि नै अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको कार्यक्रमलाई ध्यानमा राख्दै आफ्नो बाह्य ऋणको पुनर्संरचना गर्न थालिसकेको छ । *रासस/सिन्ह्वा*

# जेद्दास्थित अमेरिकी महावाणिज्य दूतावासमा आक्रमण, २ जनाको मृत्यु

**जेद्दा–** साउदी अरेबियाको जेद्दास्थित अमेरिकी महावाणिज्य दूतावासमा आक्रमण गर्ने बन्दुकधारीसहित दुई जनाको मृत्यु भएको साउदी ग्याजेटले जनाएको छ ।

बुधबार जेद्दास्थित अमेरिकी वाणिज्य दूतावासको भवनमा आक्रमण गर्ने बन्दुकधारीलाई गोली प्रहार गरी मारिएको प्रवक्ताले बताएका छन् । गोली हानाहानमा गम्भीर चोट लागेका दूतावासको सुरक्षार्थ खटिएका एकजना नेपाली कामदारको पनि मृत्यु भएको प्रवक्ताले जानकारी दिएका छन् ।

घटनाको अवस्था पत्ता लगाउन सुरक्षा अनुसन्धान जारी रहेको मक्का प्रहरीले जनाएको छ । बुधबार साँझ ६:४५ मा कारमा आएका एकजना व्यक्ति जेद्दाको अमेरिकी वाणिज्य दूतावासको भवन नजिकै कार रोकेर हातमा बन्दुक लिएर बाहिर निस्केका थिए ।

सुरक्षा अधिकारीले परिस्थितिलाई ध्यान दिँदै उनलाई नियन्त्रणमा लिन लागेको तर परिस्थिति सहज नभएपछि घटनाले अर्कै मोड लिएको जनाएको छ । *रासस/एएनआई*

# रथको तारसँग ठोक्किएर ६ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको उत्तरपूर्वी राज्य त्रिपुरामा बुधबार एउटा रथ ओभरहेड हाई-टेन्सन तारसँग छोइदा छ जनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन् ।

घटना त्रिपुराको राजधानी सहर अगरतलाबाट १२० किलोमिटर उत्तरपूर्वमा उनाकोटी जिल्लाको कुमारघाट क्षेत्रमा भएको हो । अधिकारीका अनुसार धार्मिक यात्रामा देवता बोकेको रथलाई भक्तजनले तानेका बेला दुर्घटना भएको हो ।

घाइतेलाई सरकारी अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले दुर्घटनाको विषयमा मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरेको जनाएको छ । रासस/सिन्ह्वा


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRESTIGE LABOUR SUPPLY

पूर्व स्वीकृति मिति २०७९/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 275068 | चलानी नं. ६०१९१३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 23 | 14 | 800 | २८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loaders/ Helpers | 8 | 0 | 800 | २८,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः डि.के.रिभर ओभरसिज प्रा.लि. मा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## Mauritius मा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSITE CONSTRUCTION LTD.

पुर्व स्वीकृति मिति : २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No.281480 | चलानी नं. ६०१९६९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 10 | 0 | 16,665 | ४८,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 3 | Civil Engineer | 1 | 0 | 30,000 | ८६,४७० | | | | | | | |
| 4 | Cook | 2 | 0 | 17,000 | ४९,००० | | | | | | | |
| 5 | Electrician | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 6 | Mason | 25 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 7 | Plasterer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 8 | Plumber | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 9 | Serveyor | 1 | 0 | 18,000 | ५१,८८५ | | | | | | | |
| 10 | Site Supervisor | 1 | 0 | 20,000 | ५७,६५० | | | | | | | |
| 11 | Steel Fixer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 12 | Tile Setter | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KESM INDUSTRIES BERHAD

पूर्व स्वीकृति मिति : २०७९/०२/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT No : 264381 | चलानी नं. ६०१८०९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 25 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MST GOLF ARENA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT No : 279736 | चलानी नं ६०१९५३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 20 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २२ गते (7th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

B.M. Overseas Pvt. Ltd.
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARMS TRADING AND CONTRACTING COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०८०/०२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१४ | LT. No. 286458 | चलानी नं. ६०२०२११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 3 | 0 | 1200 | ४१,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९४०० | प्रति तोला – १०८९०० | प्रति तोला – १३७० |



शुक्लाफाँटा नगरपालिका वडा नं. १ बन्साहमा संरक्षणको अभावमा रहेको सिद्धबैजनाथ (कुरैना) ताल । तस्विरः प्रभाव

# निजी क्षेत्रसँग सरकारको सहकार्य राम्रो छ : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले मुलुकको अर्थतन्त्रमा परेको दबाब, अप्ठ्यारा फुकाउन नेपाल उद्योग परिसंघसहित निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखेको बताएका छन् ।

नेपाल उद्योग परिसंघ (सिएनआई) का नवनिर्वाचित पदाधिकारीसँग प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गर्दै उनले आर्थिक एवं औद्योगिक विकासका लागि परिसंघबाट प्रत्यक्ष रूपमा नीतिगत तथा व्यावहारिक सुझाव प्राप्त भइरहेको र त्यसलाई सरकाले प्राथमिकतामा राखेको बताए ।

परिसंघका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवालको नेतृत्वमा गएको परिसंघ पदाधिकारीको टोलीले प्रधानमन्त्रीसँगको भेटमा पुँजीगत खर्च समयमै हुने वातावरणका लागि आग्रह गरेको थियो । परिसंघ अधयक्ष राजेश अग्रवालले बजेटको सफल कार्यान्वयनका लागि सरकारले घोषणा गरेको अनुगमन समितिमा निजी क्षेत्रको प्रतिनिधित्व गराउन आग्रह गरे ।

बजेटले लिएको छ प्रतिशतको आर्थिक बृद्धि हासिल गर्न, अर्थतन्त्रलाई चलायमान बनाउन खुकुलो मौद्रिक नीति आवश्यक रहेकोमा अग्रवालले जोड दिए । उनले स्वदेशी उत्पादनको प्रबर्द्धन एवं सरकारको राजस्व बढाउन चोरी पैठारी नियन्त्रण गर्न निर्मम ढङ्गले प्रस्तुत हुन आग्रह गरे ।

हालै प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा भएको विद्युत् निर्यात तथा विद्युतीय भुक्तानीसम्बन्धी समझदारी छिटो कार्यान्वयनमा लैजानुपर्नेमा पनि उनले जोड दिए ।

प्रधानमन्त्रीसँगको भेटमा उपाध्यक्षहरू वीरेन्द्रराज पाण्डे, अमित मोर, भीम घिमिरे, स्थायी आमन्त्रित पदाधिकारीहरू छायाँ शर्मा, गोकुल भण्डारी, महानिर्देशक दिपकराज जोशी सहभागी थिए ।

# नयाँ स्टक ब्रोकर लाइसेन्स दिने प्रक्रिया अगाडि बढ्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** वर्षौंदेखि लगानीकर्ताले माग गर्दै आएको नयाँ स्टक ब्रोकर लाइसेन्स दिने प्रक्रिया अगाडि बढेको छ । एक दशकपछि ब्रोकरलाई लाइसेन्स दिने प्रक्रिया अगाडि बढे पनि यो या त्यो बाहनामा लाइसेन्स रोक्न अनेक प्रयास भए । कहिले मुद्दा र कहिले अर्थ समितिको निर्देशनले प्रक्रिया रोक्न विलम्ब गरेका कारण लाइसेन्स वितरण प्रक्रियामा ढिलाई भएको थियो ।

तथापि, योबीचमा नेपाल धितोपत्र बोर्डले १८ वटा नयाँ ब्रोकरलाई सञ्चालन अनुमति (लाइसेन्स) प्रदान गरेको छ । यसअघि आशयपत्र प्रदान गरेकामध्ये आवश्यक पूर्वाधार पूरा गरेका १८ वटालाई ब्रोकर कारोबार सञ्चालन अनुमति प्रदान गरिसकेको छ । सञ्चालन अनुमति पाएका मध्ये ७ ब्रोकर कम्पनीहरूले नेपाल स्टक एक्चेन्जमा सदस्यताका लागि आवेदन दिएका छन् ।

बोर्डले नयाँ लाइसेन्सका लागि आह्वान गरेको सूचनामा ४६ वटा आवेदन परेका थिए । तीमध्ये एउटा आवेदन आवेदनकर्ता आफैंले फिर्ता लिएको र बाँकी २ वटाको कागजात नपुगेको बोर्डले जनाएको छ । बाँकी रहेका ४३ वटा ब्रोकर आवेदनलाई बोर्डले आशयपत्र दिएको थियो । त्यो मध्ये १८ वटालाई लाइसेन्स दिइसकेको छ ।

साथै, मुलुकको पुँजी बजार विस्तार भएन भने ९३ वटा ब्रोकरलाई टिक्न गाह्रो हुने अनुमान छ । त्यसैले, रियल सेक्टरलाई भित्र्याउनेदेखि एनआरएनलाई पुँजी बजारमा लगानी गर्नेसम्मको वातावरण नियामक निकायले बनाइदिन जरुरत रहेको छ ।

# उपप्रधानमन्त्री श्रेष्ठद्वारा छेन्दुमा अन्तर्राष्ट्रिय मेला अवलोकन

**छेन्दु–** जनवादी चीनको भ्रमणमा रहेका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सिचुवान प्रान्तको छेन्दुमा आयोजित १९औं पश्चिम चीन अन्तर्राष्ट्रिय मेलाको अवलोकन गरेका छन् ।

चीनका साथै विभिन्न देशका उद्यमी, व्यवसायीका स्टलमा पुगेर उनले मेला अवलोकन गरेका हुन् । सो मेलामा ५६ देश तथा क्षेत्रका व्यवसायीको सहभागिता रहेको छ । बिहीबारदेखि सुरु भएको मेलामा नेपाललेसमेत सहभागिता जनाएको छ । मेला आगामी जुलाई ३ सम्म चल्नेछ । नेपालले सन् २०१३ देखि सो मेलामा सहभागिता जनाउँदै आएको छ । पछिल्लो समय छेन्दु चीनकै व्यापारिक क्षेत्रका रूपमा रहँदै आएको छ । चीनसँगको नेपालको कुल व्यापारको एक तिहाइभन्दा बढी यसै प्रान्तबाट हुने गरेको छ ।

मेलाको उद्घाटन सत्रलाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नेपालमा लगानीको उपयुक्त वातावरण रहेकाले लगानी गरेर उचित प्रतिफल लैजान आग्रह गरे । साथै श्रेष्ठले उक्त अवसरमा छेन्दुमा रहेको पाण्डा प्रजनन केन्द्रको अवलोकन गरेका थिए । पाँचदिने चीन भ्रमणमा रहेका उनलाई सो क्रममा केन्द्रका पदाधिकारीले उनलाई पाण्डा संरक्षणमा चीन सरकारले गरेका कार्यका सम्बन्धमा जानकारी गराएका थिए । *रासस*

# एक महिनामै घट्यो बेस रेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्र बैंकले पछिल्लो समय बैंक तथा वित्तीय संस्थाले आउने महिनाको लागि त्यसअघिका हरेक तीन महिनाको औसत अनुसार आधारदर तय गर्न सक्ने व्यवस्था गरेको छ । यसअघि हरेक तीन/तीन महिना मात्रै कर्जामा लाग्ने आधारदर परिर्वतन हुने गर्थ्यो । अब भने हरेक महिना पछिल्ला तीन महिनाको आधारदरको औसत लिएर तय गरिन्छ ।

एक महिनाको अवधिमा वाणिज्य बैंकहरूको औसत आधार ०.१० प्रतिशतले घटेको छ । बैंकहरूले सार्वजनिक गरेको विवरण अनुसार वैशाखसम्म तीन महिनाको औसत आधार दरको तुलनामा जेठसम्म यस्तो औसत आधार दर मात्रै ०.१० प्रतिशतले घटेको हो । बैंकहरूको पछिल्लो तीन महिनाको औसत आधारदर (चैत, वैशाख र जेठ) को १०.३४ प्रतिशतमा आएको छ । फागुन, चैत र वैशाखको औसत आधारदर १०.४४ प्रतिशत थियो ।

यसअवधिमा तीन वाणिज्य बैंकहरूको औसत आधारदर एकल अंकमा रहेको छ । एकल अंकमा आधार दर हुनेमा राष्ट्रिय वाणिज्य बैंक, स्टान्डर्ड चार्टर्ड र नेपाल बैंक रहेको छ । सबैभन्दा कम औसत आधारदर राष्ट्रिय वाणिज्य बैंकको ८.२४ प्रतिशत छ । स्टान्डर्ड चार्टर्डको ९.२९ प्रतिशत र नेपाल बैंकको ९.५५ प्रतिशत औसत आधारदर रहेको छ । बेस रेटमा केही प्रतिशत प्रिमियम थप गरेर बैंकहरूले कर्जा दिने गर्छन् । त्यसैले बेस रेट बढ्दा ब्याजदर पनि बढ्दै जान्छ भने बेस रेट घट्दा ब्याजदर पनि घट्दै आउँछ ।

# रिलायन्स फाइनान्स र एब्सुलेट एस्थेटिक्सबीच सम्झौता




**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स लिमिटेड र एब्सुलेट एस्थेटिक्सबीच सौन्दर्य तथा स्वास्थ सेवामा छुट दिने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौता अर्न्तगत रिलायन्स फाइनान्स लिमिटेडका समस्त ग्राहकवर्ग सेयरधनी तथा कर्मचारीहरूले एब्सुलेट एस्थेटिक्सले प्रदान गर्ने सौर्न्दय सेवा (छाला), दन्त सेवा तथा प्लास्टीक सर्जरी तथा अन्य स्वास्थ सेवाहरूमा अधिकतम १५ प्रतिशत सम्म विशेष छुट प्राप्त गर्न सक्नेछन ।

नेपाल राष्ट्र बैकबाट 'ग' बर्गको वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरी मिति २०६६/०८/१८ बाट संस्थाको प्रधान कार्यालय प्रदर्शनी मार्गबाट आफनो कारोबार शुरु गर्दै आएको यस रिलायन्स फाईनान्स लि. आफनो सेवा प्रदान गर्दै आएको यस संस्थाले न्यूरोड काठमाडौ, सितापाईला काठमाडौ, ईमाडोल ललितपुर, नारायणघाट चितवन, टाँडी चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीसहर लमजुङ्ग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, गोरखा बजार गोरखा, चारआली झापा, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, मणीग्राम रूपन्देही, भैरहवा रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, अत्तरीया कैलाली, महेन्द्रनगर कन्चनपुर र कोहलपुर बाँके शाखा सहित २१ वटा शाखा कार्यालयहरूले सेवा पुर्‍याउँदै आएको छ ।

# राष्ट्रिय प्रसारणमा १२६ मेगावाट

■ प्रभाव संवाददाता

**लमजुङ–** लमजुङस्थित दोर्दी कोरिडोरबाट एक सय २६ दशमलव ८४ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएसँगै यहाँ निर्माण सम्पन्न भएका पाँच आयोजनाबाट सो बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो । दोर्दी करिडोर प्रसारण लाइन आयोजनाका प्रमुख रमेश पौडेलका अनुसार दोर्दी करिडोर क्षेत्रका आयोजनाको बिजुली प्रसारण पूर्वाधार अभावमा ती आयोजनाको विद्युत् खेर जाने अवस्थामा रहेपनि गत भदौबाट प्रसारण लाइन सञ्चालनमा आएसँगै राष्ट्रिय लाइनमा धमाधम बिजुली जोडिन थालेको छ ।

उनले भने, 'हालसम्म दोर्दी खोलामा निर्माण सम्पन्न चार आयोजना र चेपोखोलामा निर्माण सम्पन्न एक जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।' पिपुल्स हाइड्रो पावर कम्पनीद्वारा निर्माण गरेको ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख' आयोजना, हिमालयन पावर पार्टनरले निर्माण गरेको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' र दोर्दीखोला जलविद्युत् कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी-१ जलविद्युत आयोजना र चेपोखोलामा निर्माण सम्पन्न ८.८३ मेगावाटको चेपेखोला साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चालु आर्थिक वर्षमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएका छन् ।

ती आयोजनामध्ये यस करिडोकै सबैभन्दा ठूलो आयोजना सुपर दोर्दी 'ख' आयोजनाले गत महिनाबाट मात्र व्यावसायिक रूपमा बिजुली उत्पादन गरेको छ । आयोजनाका निर्देशक अर्जुनप्रसाद गौतमका अनुसार विसं २०७१ मा विद्युत् खरिद सम्झौता -पिपिए) गरी आयोजना निर्माण विसं २०७२ असोज महिनाबाट सुरु भएको थियो । विसं २०७५ मा निर्माण सम्पन्न गर्दै आयोजनाबाट बिजुली उत्पादन गर्ने भनिए पनि निर्माण अवधि लम्बिदै आएको छ । सुरुआतमा रु आठ अर्ब ८० करोड लगानी हुने भनिएको आयोजनामा लागत बढेर रु दश अर्ब ५० करोडसम्म खर्च भएको बताइएको छ ।

आयोजनामा सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका छन् । कूल ७० प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धनको लगानी रहेको छ । आयोजनामा प्रभावित स्थानीयवासीले रु २७ करोड लगानी गरेका छन् । त्यस्तै २७ मेगावाट क्षमताको बिजुली बैँसीसहर नगरपालिका-११ रामचोकबैँसीमा पावर हाउस रहेको यस आयोजनाले गत भदौ १५ गतेदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडिएर व्यावसायिक रूपमा बिजुली उत्पादन गर्दै आएको छ ।

विसं २०७२ फागुनबाट निर्माण सुरु गरेको यस आयोजनाको निर्माण सम्पन्न भएपछि केही महिनाअघि प्रसारण लाइनमा जोडिएको थियो । आयोजनामा गैरआवसीय नेपाली संघ (एनआरएनए) को ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी रहेको आयोजना प्रमुख मुन्ना शाक्यले बताए । नेपाल विद्युत् प्राधिकरण र कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो । आयोजना निर्माणमा रु चार अर्ब ८३ करोड लगानी भएको छ । त्यस्तै, दोर्दी-६ ढोडेनीमा लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजनाले उत्पादन गरेको विद्युत् दुई साता अघि राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको थियो ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपांगता समेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणका अधिक प्रयोग गर्न नदिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ